# इन्द्रसरोवर गाउँपालिका

कुलेखानी, मकवानपुर

# आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम

१० असार २०७८

**<u>सभा सदस्यहरु,</u>**

१) नेपालको संबिधान र स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम गठित स्थानीय तहको सरकार इन्द्रसरोवर गाउँपालिकाले आमजनताको चाहना तथा गाउँपालिकाको आवश्यकतालाई मध्यनजर एवं पहिचान गर्दै क्रमश सामाजिक,भौतिक,न्यायिक तथा आर्थिक समृद्धिको दिशातर्फ उन्मुख भईरहेकै समयमा कोरोना भाईरस(कोभिड-१९)नयाँ भिरियन्ट को विश्वव्यापी महामारीले सिर्जना गरेको चुनौतिपूर्ण एवम् असहज अवस्थाको विच यस इन्द्रसरोवर गाउँपालिकाको आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्दैछु ।

२) यस इन्द्रसरोवर गाउँपालिकाको गरिमामय सभामा सहभागी गाउँपालिकाका उपाध्यक्ष,प्रमुख प्रशासकीय अधिकृत,सम्मानित नवौ गाउँ सभाका सभासदस्यहरु तथा सभामा उपस्थित सम्पूर्णमा न्यानो अभिवादन अर्पण गर्दै सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत गर्दछु| साथै संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको स्थापना सम्म आईपुग्दा देश र जनताको निम्ति विभिन्न चरणमा भएगरेका आन्दोलनहरुमा आफ्नो प्राण आहुति दिनुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु तथा विश्वब्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस कोभिड -१९ को संक्रमणबाट जीवन गुमाउनु भएका सम्पूर्ण महानुभावहरु एवम् यस गाउँपालिका भित्रका हालसम्मको कोभिड संक्रमित ३४ जना मध्ये काठमाण्डौमै परिक्षण गरी काठमाण्डौमै देहावसान हुने महिला ४ र पुरुष १गरी ५ जना मृतक प्रति भावपूर्ण श्रध्दान्जली अर्पण गर्दछु साथै संक्रमितहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु|

३) आजको यस गाउँसभालाई सम्बोधन गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु | विगत ४ वर्ष देखि हामीले यस गाउँपालिकाको नेतृत्व सम्हाल्दै आएको र यस बिचमा हामीलाई विकास, साझेदारी र सहकार्यमा सहयोग गर्दै आउनु भएका हाम्रा सम्पूर्ण गाउँपालिकानिबासीहरु तथा कर्मचारीवर्गहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु |

४) राष्ट्रियता,लोकतन्त्र र अधिकारको आन्दोलनमा अगुवाई गर्नु हुने सबै अग्रजहरुको योगदानको सहृदय देखि स्मरण गर्दै यस अभियानमा जीवन उत्सर्ग गर्नु हुने वीर सहिदहरु प्रति स्मरण तथा पूनः हार्दिक श्रदान्जली अर्पण गर्दछु| यस स्थानीय सरकारले गाउँपालिकाको जातीय,भाषिक, धार्मिक,सांस्कृतिक एबं भौगोलिक विविधतालाई आत्मसाथ गरी सामाजिक एबं सांकृतिक समानता र सहिष्णुतामा आधारित भएर सद्भाव एबं सहकार्यको एकतालाई मजबुत बनाउने नीति लिएको छ| त्यसैगरि सामाजिक न्याय र समानता कायम गरी सबैको समृद्धि हुने नीति अवलम्बन गरिनेछ |

५) नेपालको संबिधान तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्राप्त गरेको अधिकारलाई सुनिश्चित गर्दै सो को प्रभाबकारी कार्यन्वयनका लागि गाउँपालिका पूर्णरुपमा प्रतिवद्ध रहनेछ| साथै संविधान तथा स्थानीय सरकार संचालन ऐनको पूर्णरूपमा परिपालना गर्नु मुख्यतय जनप्रतिनिधि,कर्मचारी र सबै नेपालीहरुको परम कर्तव्य हो| तसर्थ विकास र समृद्धि प्राप्ति गर्ने तर्फ केन्द्रित भएर आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम तयार गरेका छु|

**<u>सभा सदस्यहरु,</u>**

६) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको शासन व्यवस्था सहित समाजवाद स्थापनाको परिकल्पना गर्दै विभिन्न आन्दोलन तथा जनचेतना,जनजागरण गर्दै राष्ट्र व्यापीरुपमा अघि बढ्ने क्रममा तत्कालिन व्यवस्थाले गिरफ्तार गरी विभिन्न जेलहरु हुँदै नख्खु जेलमा थुनिएका राजनेताहरु वर्तमान सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओली,सिपि

मैनाली,वीरबहादुर लामा,माधव प्रशाद पौडेल,प्रदिप नेपाल,गोपालमान शाक्य,नरेश खरेल,घनेन्द्र बस्नेत,नारद भारद्वाज,जीवन मगर,भिष्म धिमाल,अशोक न्यौपाने,धर्म घिमिरे,राजेन राजवंशी,हर्क खड्का र कामेश्वर हलवाई मध्ये जेल सारिएको कारण सम्माननीय प्रधानमन्त्री केपी ओली वाहेक अरु सबै २०३३ साल चैत्र १२ गते राति नख्खु जेलबाट सुरुङ खनी निस्केर चैत्र १३ गते मकवानपुर जिल्लाको हाल इन्द्रसरोवर गाउँपालिका वडा न.४साबिक फाखेल गाउँपंचायत अन्तर्गतका स्थानीय समुदाय तथा यी ऐतिहासिक क्षेत्र व्यक्तित्वहरुलाई इन्द्रसरोवर गाउँपालिका उच्च सम्मानका साथ हार्दिक स्मरण गर्दछ । साथै हाल वयोवृद्ध तत्कालिन भूमिगत पार्टीका राजनेताहरुको सेल्टरदाता/संरक्षक श्री सानुकान्छा लामा लगायतका अस्वस्थ अन्य योध्दाहरुको सुस्वास्थ्यको कामना सहित दिवंगत केहि योध्दाहरु मध्येका एक श्री वीरबहादुर लामा,वहाँका धर्मपत्नी जसले त्यस परिवेसमा शारीरिक एवं मानसिकरुपमा अनेकन यातनाहरुको बावजुद पनि आफ्नो कर्तव्यको पूर्णरुपमा पालना गर्नुहुने स्व.श्री काईलिमाया लामा,पार्टी आमा स्व.ठुलीमाया बल र मुख्य सेल्टर दाता तथा संरक्षकहरु मध्येको दिवंगत स्व.श्री मानबहादुर लामा प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु|

<u>सभा सदस्यहरु</u>

७) सर्वप्रथम म चालु आर्थिक वर्ष २०७७/०७८ मा प्रस्तुत नीति तथा कार्यक्रम कार्यन्वयनको महत्वपूर्ण समय तेस्रो त्रैमासिकको अन्तिम महिना देखि गत वर्ष चिनको वुहान शहरबाट सुरु भै विश्वभरी नै महामारीकोरुपमा फैलिरहेको कोरोना भाइरस-कोभिड -१९को नयाँ भिरियन्टको दोश्रो लहर महामारी प्रकोपको कारण लकडाउनको अवधिमा पनि नीति विधि तथा प्रक्रियाको पूर्णरुपमा परिपालना गर्दै स्वीकृत योजनाहरु मध्ये कार्यन्वयन भएका तथा कोरोना भाइरस कोभिड-१९ को संक्रमणको जोखिमलाई न्यूनीकरण गर्न सम्पादन गरिएका केहि मुख्य मुख्य कार्यहरुको बुँदागत प्रस्तुत गर्न चाहन्छु ।

८) विश्वमा महामारीको रूपमा फैलिएको कोरोना भाइरस ९कोभिड-१९० को संक्रमणलाई न्युनिकरण गर्न नेपाल सरकार(मन्त्रिपरिषद्)को मिति २०७८/१/०६ र १३ गतेको बैठक निर्णयहरुमा भएको व्यवस्था,जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र,मकवानपुरको मिति २०७८/१/३० गतेको सिफारिस र जिल्ला सुरक्षा समितिको २०७८/१/३० गतेको निर्णय समेतको आधारमा मकवानपुरका सबै स्थानीय तहहरुमा निषेधाज्ञाको घोषणा गरेको सन्दर्भमा सो निर्णयलाई कार्यन्वयनमा ल्याईयो| गाउँपालिकामा पर्नेसक्ने असरहरुलाई मध्येनजर गरी गाउँपालिकामा पनि स्थानीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र तथा विपद व्यवस्थापन समितिको बैठक बसेर कोरोना भाइरस संक्रमण फैलन नदिने व्यवस्थाको लागि गाउँपालिका स्तरीय डा.को संयोजकत्वमा आर.आर.टी.समिति गठन गरी संचालनमा ल्याईयो|साथै कोभिड-१९ बाट संक्रमित भै तत्काल थप उपचार गर्नको लागि अक्सिजन सहितको आवश्यक व्यवस्थाको साथमा तत्काल सेवा उपलब्ध गराउन १० वेडको प्रगति आइशोलेशन वार्ड इन्द्रसरोवर-२, कुलेखानी, टोड्केमा स्थापना गरी संचालनमा ल्याईयो ।

९) कोरोना सम्बन्धी जानकारी तथा जनचेतनाको लागि यस गाउँपालिका भित्रका सबै वडाहरुमा प्रचारप्रसार, माइकिङ,सुचना रेडियो, Website, facebook page मार्फत प्रकाशन तथा प्रशारण गरियो।जोखिमयूक्त कार्यमा संलग्न हुने सबै स्वास्थ्य संस्था, वडा कार्यालयहरु, बैंक श्री क्युबेक ब्याट्री १ नं. राजदल गण र प्रहरी चौकीहरुमा र सबै वडाको भिडभाड हुने स्थानहरुमा गतवर्ष सुरुवात गरिएको साबुनपानीले हात धुने व्यवस्थालाई निरन्तरता दिइयो|

कोरोना भाइरसको जोखिमलाई न्युनिकरणको लागि सहयोग पुर्याउन स्वास्थ्य शाखा प्रमुखको संयोजकत्वमा ५ सदस्यीय कोरोना भाइरस रोकथाम तथा न्युनिकरण समन्वय सचिवालय समिति गठन गरियो र सो सचिवालयबाट दैनिक कार्य संचालन भइरहेको छ।

१०) सूचना प्रविधिमा सबैको पहुँच पुर्याउँन इन्द्रसरोवर गाउँपालिकाले गाउँपालिका कार्यालय र गाउँपालिका भित्रका सबै वडाकार्यालयहरु,माध्यमिक बिद्यालयहरु र केहि आधारभूत बिद्यालयहरुमा इन्टरनेट सेवा जडान कार्य सम्पन्न गरी सेवा प्रवाह गरीयो|साथै अन्य सामुदायिक आधारभूत बिद्यालयहरुमा कम्तिमा २० एमविपीएसको क्षमताको नन् डेडीकेटड ब्रोडब्याण्ड इन्टरनेट पुर्याउन नेपाल दूरसञ्चार प्राधिकरण काठमाडौंसंग समझदारी-पत्रमा हस्ताक्षर भैसकेको छन्|

११) इन्द्रसरोवर गाउँपालिकाको प्रशासकिय भवन निर्माणको लागि आवश्यक जग्गा ६ रोपनी १३ आना नियम अनुसार खरिद गरी भवन निर्माणको लागि आवश्यक बजेट ६०/४० को अवधारणा अनुसार स्थानीय पूर्वाधार बिकास प्रशासकिय भवन निर्माण कार्यालयमा आवश्यक प्रक्रिया सहित दोहोरो प्रतिवद्धता सहित पालिका प्रशासकीय भवन निर्माणको लागि डीपीआर स्वीकृत गरी आफ्नै जग्गामा भवन निर्माण गर्न रु १० करोडको बोलपत्र आव्हान तयारी गरियो | गाउँपालिकाको वडा न.३ सिस्नेरीमा भएको स्वास्थ्य चौकी भवन अति जिर्ण अवस्थामा पुगी सेवा प्रवाहमा अति नै जोखिम भएको हुनाले गाउँपालिका र च्वाईस नेपालको संयुक्त लगानीमा नयाँ स्वास्थ्य चौकी भवन निर्माणको सुरुवात गरियो |

<u>सभा सदस्यहरु,</u>

१२) **गाउँपालिकाको गौरवका योजना अन्तर्गत** इन्द्रसरोवर ताल मार्खुको विच डाँडामा गाउँपालिका मार्फत घोषित तनाव व्यवस्थापन क्षेत्रकोरुपमा बिकास गराउन बागमती प्रदेश उद्योग बन,पर्यटन तथा वातावरण मन्त्रालयको सहयोगमा उक्त क्षेत्रलाई पर्यटकीयस्थलको रुपमा आकर्षण एवम् तनाव मुक्त स्थानको रुपमा स्थापित गर्न भ्युटावर सहितको केहि संरचनाहरुको निर्माण कार्य सम्पन्न हुदै गरेको छ |**गाउँपालिका गौरवको योजना अन्तर्गत** प्राविधिक जनशक्ति उत्पादन सहित प्रत्येक नागरिक दक्ष सीपयुक्त भै आत्मनिर्भरता,रोजगारीमुलक सहित आर्थिक समृद्धि बनाउन श्री कालिका माध्यमिक विद्यालय इन्द्रसरोवर-४ फाखेलमा कृषि प्राविधिक शिक्षा संचालनलाई निरन्तरता गरियो| यसैगरी **गाउँपालिका गौरवको योजना अन्तर्गत** वडा न.२ र ३ मा कृषि क्षेत्रलाई व्यवसायीकरण गरी नमुना क्षेत्रकोरुपमा बिकास गर्ने कार्यक्रम संचालन गरियो |

१३) कुलेखानी मत्स्य ब्यबसाय संघ मार्फत इन्द्रसरोवर तालमा माछाका भुरा छोडीनुको साथै गाउँपालिकाको ५ वटा वडाको माटो परिक्षण शिविर २२६ जना किसानहरुको,कृषि चुन वितरण १ लाख २१ हजार किलो,दाँते ओखरको बिरुवा(टर्कीबाट आयात गरिएको) ७२५ वोट,हाइटेक टनेल ८*२८मि. १ वटा,फलामे टनेल ६*१२ मि.४१ वटा,मिनिटेलर ७ एच.पी.को १४ वटा,इलेक्ट्रोनिक पम्प (बिषाधि छर्ने)१०७ थान,प्राङ्गरिक मल १६ हजार ७ सय किलो,उन्नत जातको तरकारीको विउ विजनहरु र गाउँपालिकाको समन्वयमा कृषि ज्ञानकेन्द्रबाट प्राङ्गरिक मिसन कार्यक्रम बाँसको टनेल २४ वटा तथा फलामे टनेल ६*२१ मि.को १२ वटा गाउँपालिकाको ५० देखि १००% सम्म र कृषि ज्ञानकेन्द्रको ५०%अनुदानमा वितरण गरियो साथै गाउँपालिकाको वडा न.१,२,३र ५मा सिचाई कार्यक्रम संचालन गरियो|

१४) विभिन्न बाल दिवसहरु,अन्तराष्ट्रिय महिला दिवस/ लैंगिक हिंसा विरुध्दको अभियान,सहकारी बिकास तथा प्रवर्धन अन्तर्गत पालिका भित्रका सहकारीहरु विचको पालिका स्तरीय समन्वय समितिको बैठक एवम् राष्ट्रिय,अन्तराष्ट्रिय सहकारी दिवसहरु मनाउन सहयोग तथा उत्प्रेरित गर्दै गाउँपालिका भित्रका सहकारीहरु तथा विभिन्न बिद्यालयहरुसंगको सहकार्यमा सम्पन्न गरियो साथै केहि सहकारीका नयाँ भवन निर्माण गर्न अनुदान समेत प्रदान गरियो|

**सभा सदस्यहरु,**

१५) गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा सुत्केरी हुन आउने महिलाहरुका लागि निःशुल्क एम्बुलेन्स सेवा बापत शुल्क भाडा सहयोग यथावतरुपमा प्रदान गरियो र दिगो बिकासको लक्ष्य प्राप्तिको सूचक अन्तर्गत गाउँपालिकाको वडा न.१ सानुमार्खु र वडा न, २ भालुखर्कमा १/१ वटा सामुदायिक स्वास्थ्य ईकाई भवन निर्माण गरियो | फाखेल स्वास्थ्य चौकीमा हप्ताको एकदिन ल्याब जाँच सहित वरिष्ठ स्वास्थ्यकर्मिबाट जनरल स्वास्थ्य जाँच सेवा सुचारु गर्नुका साथै ल्याब प्राविधिक व्यवस्थापन सहित वडा न.३ को सिस्नेरी स्वास्थ्य चौकिबाट ल्याब सेवा संचालनलाई निरन्तरता दिईयो|

१६) वर्षौं अघि देखि सुरु भई संचालनमा रहेको यस गाउँपालिकाको वडा न.३ सिस्नेरीको रामचन्द्र भन्ज्याङ लिफ्ट खानेपानी योजना र भूकम्प पछी मुहान सुक्दा गत आर्थिक वर्षबाट सुरुभई संचालित वडा न.४ को घट्टेखोला हुमाने लिफ्ट बृहत खानेपानी,लप्सिखोला काफ्लेनी,वडा न.५को पौवा भाँगे कोदोखोरिया लिफ्ट खानेपानी,वडा न.१ को सर्भाङ खानेपानी,सानुमाखु टौउमाठ खानेपानी र वडा न.२ को छापखोरिया खानेपानी योजना आंशिकरुपमा सम्पन्न गरियो |

१७) यस गाउँपालिका भित्रका विभिन्न विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा पठनपाठन व्यवस्थापन गर्न वर्षौंदेखि निजिश्रोतका विद्यालय शिक्षकहरु रहेको बिद्यालय हरुमा गाउँपालिका स्वयम् सेवक शिक्षक नियुक्ति गरी सम्बन्धित बिद्यालयहरुमा पठाईयो साथै अभिभावकहरुसंगको साझेदारीमा बालबिकास केन्द्र देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई प्रति बिद्यार्थी प्रतिदिन रु १५ रुपियाँको दरले खाजाको व्यवस्थापन र बिद्यालयहरुमा बिद्यार्थीहरुको निम्ति खाजा बनाउने सहयोगीको समेत व्यवस्था गरियो |

**सभा सदस्यहरु,**

१८) सात प्रदेशको सात पर्यटन गन्तव्य मध्ये बागमती प्रदेशको १ र संघीय सरकारको १०० पर्यटन गन्तव्य मध्ये पनि १ तथा नेपालको एकमात्र मानव निर्मित तालले समेत सजिएको यस इन्द्रसरोवर गाउँपालिका कृषि र पर्यटनको प्रचुर सम्भावना बोकेको गाउँपालिका हो | त्यसैले संघिय सरकारको सहयोगमा पर्यटकहरुको मनपर्ने कुराहरु मध्ये वडा न.१ मार्खुमा पर्यटन क्षेत्रको ताल किनारा माथि वारिपारि साइकल ट्रेक निर्माण गरियो |

१९) गाउँपालिकामा गठित न्यायिक समितिबाट न्याय सम्पादनमा २०७८ जेष्ठ मसान्त सम्ममा जम्मा परेको उजुरी ३२ वटा | जम्मा फछ्यौंट भएको १३ वटा र फछ्यौंट हुन बाँकी १९ वटा रहेको छन |साथै यस गाउँपालिकामा ऐन ११ वटा|नियमावली ४ वटा | कार्यविधि २४ वटा |मापदण्ड २ वटा | नीति १ वटा र रणनीतिक योजना १ वटा स्वीकृत भई कार्यान्वयनमा रहेका छन् |

२०) इन्द्रसरोवर गाउँपालिका सामाजिक सुरक्षा तथा पञ्जीकरण अन्तर्गत सशर्त कार्यक्रमहरु डिजीटाईजेशन,तालिम,सामाग्रीहरु वितरण संगै सबै वडाहरुबाट अनलाइन घटना दर्ता सुरुवात गरियो |२०७८ जेठ मसान्त सम्मको व्यक्तिगत घटना दर्ता कुल जन्म दर्ता महिला १८४ र पुरुष १८३ =३६७|कुल मृत्यु दर्ता महिला -७२ र पुरुष १०५=१७७ |कुल बसाइसराइ गएको २० र आएको १ गरी =२१ जना |कुल बिबाह दर्ता १६० जना |कुल सम्बन्ध विच्छेद ३ जना समेत जम्म ७२८ जना रहेकाछन |साथै तेस्रो चौमासिक सम्ममा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरु जेष्ठनागरिक भत्ता(७० वर्ष माथिका) ६३० जना| जेष्ठनागरिक भत्ता दलित १६, जेष्ठनागरिक एकल महिला-१९४,विधवा(आर्थिक सहायता)-३२३,पूर्ण अपाङ्ग भत्ता(क वर्ग)४३,अति अशक्त अपाङ्ग भत्ता(ख वर्ग)९३ र दलित बालबालिका १९ गरी जम्माः-१३१८ जना रहेकाछन |

२१) गाउँपालिकाको नियमित कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकका लागि न्यानो कपडा वितरणमा वडा न.१ मा १६४,वडा न.२ मा १६०,वडा न.३ मा २४६,वडा न.४ मा ९० र वडा न.५ मा १३० गरी जम्मा ७९० जना| यस कार्यक्रममा(क वर्गका) अपाङ्ग र ६० वर्ष माथिका एकल महिला र दलित समेतलाई समेटिएको थियो| अपाङ्ग परिचय पत्र वितरण अन्तर्गत २ वटा शिविर संचालन सहित रातो कार्ड प्राप्त ३८,निलो कार्ड -८८,पहेंलो कार्ड-८ र सेतो कार्ड १८ गरी १५२ जनालाई वितरण गरियो |यसै गरी जेष्ठनागरिक परिचय पत्र वडा न.३ मा ४१,वडा न.४ मा ७ र वडा न. ५ मा ८६ जना गरी जम्मा १३४ जनालाई वितरण गरियो |बालबिबाह बदर तथा बालबिबाह अन्त्यका लागि समुदाय परिचालन कार्यक्रमबाट वडा न.१,२ र ५ मा १/१ तथा ३ न.मा २ वटा बदर गरियो |आमा बुबा बिहिन बालबालिकाहरुको तथ्याङ्क संकलन र सामाजिक भत्ता ६ बालक र ८ बालिका गरी १४ जनालाई प्रदान गरियो |साथै गाउँपालिका भित्रका १ आधारभूत बिद्यालय र ७ सामुदायिक बिद्यालयहरुमा रहेका बालक्लबहरुको गठन तथा पुनर्गठन र परिचालित गरियो

२२) गरिबी निवारणका लागि लघु उद्यम बिकास कार्यक्रम अन्तरगत ८ दिने उद्यमशिल बिकास तालिममा वडा न.१ सानुमाखु र नयाँगाउँमा २५ र २२,वडा न.२ खानिखेतमा २० र २५ गरी जम्मा ९२ जनालाई दिइयो | सिप बिकास तालिम अन्तर्गत ५ दिने बाख्रा पालन सिप बिकास तालिम सानुमाखु १३ जना| डलकुशन सिप बिकास २० दिने तालिम खानिखेत ९ जना| हाजियारी सीप बिकास तालिम ४५ दिने नयाँगाउँ ६ जना |ब्युटीपार्लर सिप बिकास तालिम ९० दिने खानिखेत ८ जनालाई गरी जम्मा ३६ जनालाई सीप बिकास तालिम प्रदान गरियो |

२३) स्थानीय सरकारको प्रत्याभूति दिलाउन स्थानीय जनताले प्राप्त गर्ने सेवा सुबिधामा सुरक्षित र सर्वसुलभ सेवा प्रवाहमा भौतिक संरचनाको पनि महत्वपूर्ण भूमिका हुने सबैमा सर्वविदितै छ सोहीअनुसार वडा कार्यालय र स्वास्थ्यचौकीको नयाँ भवन,एक वडा देखि अर्को वडा,एक पालिका देखि अर्को पालिका जोड्ने तथा गाउँपालिका रिङरोडकोरुपमा बिकास गर्न,नदि नियन्त्रण तथा वस्ती बचाउन र गाउँपालिका कार्यालय सम्म गाउँपालिकावासीले सर्वसुलभ तथा छिटोछरितो यातायातको पहुँच पुर्याउन सक्नेगरी निम्न योजनाहरु निम्नानुसारमा ठेक्का प्रक्रिया र उपभोक्ता समितिबाट कार्यान्वयन गरियो |

क) गाउँपालिकाको आयोजनामा वडा न.४ र ५ को वडा कार्यालय र वडा न.५ को स्वास्थ्यचौकी भवन

ख) टारपुच्छर गाउँपालिका सडक स्तरीकरण/स्ल्याप ढलान

ग) संघिय तथा प्रदेस माननीय कोषबाट बज्रमाठ सिकारीगाँउ महाचुनीमन्दिर कोदोखोरिया पौवा कृषि तथा पर्यटन सडक र प्रदेश माननीय कोषबाट गाउँपालिका स्तरीय खेल मैदान तथा कम्पाउण्ड वाल निर्माण,ओखरडाँडा सडक र पुरणडी सलेमले ऐतिहासिक "वीर" फाखेलमैत्री पार्क" सडक स्तरोन्नति कार्य गरियो|

घ) संघिय तथा प्रदेश समपूरक र गाउँपालिकाको सयुक्त आयोजनामा खडबु सुकौरा नयाँगाउँ कालपानि कृषि तथा पर्यटन सडक, फाखेल टेकरदेउराली टेकर सिस्नेरी कृषि तथा पर्यटन लिंक रोड, हुमाने छुरीगाउँ रामचन्द्र भन्ज्याङ कृषि तथा पर्यटन सडक, साथै देउराली छापखोरिया सिनेघारी दम्की कृषि तथा पर्यटन सडक उपभोक्ता समिति तथा ठेक्का सम्झौता अनुसारको सडक स्तरोन्नति गर्ने कार्य सम्पन्न भएकाछन |

**यसैगरी प्रदेस सशर्त अनुदानबाट**

क) कुलेखानी एकान्तकुना सुलिकोट अदुवावारी ठुलटार सानटार सडक

ख) फाखेलघैया डाँडा कफ्लेनी भालुखर्क गोगने सडक

ग) घट्टेखोला सानुनयाँगाउँ पुरणडी कृषि सडक सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न भएकाछन |

२४) २०३२/०३३ सालमा कुलेखानी जलबिधुत परियोजना सुरुभएपछी अधिक्रमणमा परेका हाल यस इन्द्रसरोवर गाउँपालिकाको वडा न.१ मार्खु सिम्लाङमा अवस्थीत लक्ष्मीनारायण मन्दिरमा करिव पाँच दशक टेकीसक्दा पनि मुर्ति विहिन अवस्थामा रहेको मन्दिरमा शिला तथा धातुको मुर्ति पूनस्थापना सहित मन्दिर कम्पाउण्ड वाल लगाईयो|

**सभा सदस्यहरु,**

२५) आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि संघीय तथा प्रदेश समपूरक र बिशेष अनुदान कार्यविधि बमोजिम एवम् संघीय र प्रदेश शसर्तको निम्ति निम्न योजनाहरु प्रस्ताब तयार गरी बिशेष पहल सहित राष्ट्रिय योजना आयोग,नीति तथा योजना आयोग,प्रदेश आर्थिक मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय बागमती प्रदेश हेटौडा,बागमती प्रदेश सम्माननीय सभामुखको सचिवालय एवं सम्बन्धित मन्त्रालयहरुमा पेश गरियो|

**संघीय समपूरकको लागि माग पेश गरेको ५ वटा योजना**

क) ज्यामिरे गोगने भालुखार्क सडक (३ वर्षे योजना ६ करोड)

ख) पाटीचौर राममन्दिर पौवा सडक-(३ वर्षे योजना ६ करोड)

ग) शेरा ठाडोखोला सानुमार्खु सिमखोला सडक-(३ वर्षे योजना ६ करोड)

घ) कुलेखानी एकान्तकुना सुलिकोट ठुलटार सानटार सडक-(३ वर्षे योजना ६ करोड)

ङ) राकसखोला डाडीखेल सडक-(३ वर्षे योजना ६ करोड)

**संघीय बिशेष अनुदानको लागि माग पेश गरेको ६ वटा योजना**

क) श्री वत्सलादेवी माध्यमिक विद्यालय छात्रावास निर्माण-३ करोड क्रमाङगत(३ वर्ष )

ख) खडबु बृहत खानेपानी-५५ लाख (२ वर्ष)

ग) पन्चकन्य माबि छात्रवास निर्माण-२ करोड (३ वर्ष)

घ) कालिका माबि छात्रवास निर्माण-२ करोड (३ वर्ष)

ङ) मार्खु खानेपानी योजना ५० लाख (२ वर्ष )

च) देउराली छापखोरिया चौकिलेक खानेपानी योजना-क्रमाङगत

## संघीय सशर्त अनुदानको लागि माग पेश गरेको/डोलिडार ६ वटा योजना

क) कुलेखानी एकान्तकुना सुलिकोट मोटोरेवल पुल

ख) सिस्नेरी खोला ठुलोतार मोटोरेवल पुल

ग) फाखेलदोभान चखेल सडक ४ र ५ वडा जोड्ने मोटोरेवल पुल

घ) शेरा पालुङ खोला मोटोरेवल पुल

ङ) ठाडोखोला मोटोरेवल पुल

च) कुलेखानी खानिखेत चखेलखोला मोटोरेवल पुल

## प्रदेश समपूरकको लागि माग पेश भएको ५ वटा योजना

क) शेरा ठाडोखोला सानुमार्खु सिमखोला सडक वडा न.१ र २

ख) प्राकृतिक पौडीपोखरी निर्माण-इन्द्रसरोवर ३

ग) मानेडाँडा भालुखर्क गोगने सडक-वडा न.२,३ र ४

घ) पाटीचौर राममन्दिर पौवा कृषि तथा पर्यटन सडक,इन्द्रसरोवर ५

ङ) प्रहरीचौकी देखि स्वास्थ्यचौकी जोड्ने सडक,इन्द्रसरोवर-४

## प्रदेश बिशेष अनुदानको लागि माग पेश भएको ८ वटा योजना

क) चखेल ठुलोचौर खेल मैदान(कालीदेवी माध्यमिक बिद्यालय क्षेत्र)

ख) रुपादेवी आधारभूत बिद्यालय भवन पूनर्निनिर्माण

ग) दम्की खानेपानी योजना

घ) भालुखर्क खानेपानी योजना

ङ) लप्सिखोला कफ्लेनी लिफ्ट खानेपानी योजना

च) खडबु बृहत खानेपानी योजना

छ) सानुमार्खु टौमाठ खानेपानी योजना

ज) सर्भाङ खानेपानी योजना

## प्रदेश शसर्त अनुदानको लागि माग पेश गरेको १९ वटा योजना

क) हुमाने छुरीगाउँ रामचन्द्र भन्ज्याङ कृषि पर्यटन सडक

ख) घट्टेखोला सानुनयाँगाउँ पुरणडी कृषि सडक)

ग) देउराली छापखोरिया सिनेघारी दम्की कृषि तथा पर्यटन सडक

घ) फाखेल टेकरदेउराली टेकरसिस्नेरी कृषि तथा पर्यटन लिंकरोड

ङ) पानीखोल्छा काप्राङ दाप्राङ सडक —इन्द्रसरोवर-३

च) पुरणडी सलेमले हाँसुलीडाँडा कृषि पर्यटन सडक("वीर"फाखेलमैत्री पार्क मार्ग)

छ) खडबु सुकौरा नयाँगाउँ कलपानी कृषि पर्यटन सडक

ज) बज्रमाठ सिकारीगाउँ महाचुनीमन्दिर कोदोखोरिया पौवा सडक

झ) कुलेखानी कलंकी मार्खु बिसीङखेलखोला पुलसम्मको सडक कालोपत्रे सहित

ञ) फखेल महालक्ष्मीदोभान चखेलदेउराली सतुंगल सडक(कालोपत्रे गर्न बहुवर्षीय बजेट)

ट) कुलेखानी फाखेल हुमाने फर्पिङ सडक(डीपीआर बमोजिम कालोपत्रे सहित बहुवर्षीय)

ठ) हेवीचौर खेलमैदान निर्माण क्रमाङगत(गाउँपालिका स्तरीय खेलमैदान)

ड) फाखेलचौर खेलमैदान निर्माण(कालिका मा,बि.प्राविधिक बिद्यालय क्षेत्र)

ढ) ममन्दिर पौवारा सडक

ण) पाटीचौर चौकीटोल बिद्यालय टोल सानोपोखरी सडक स्तरोन्नति

त) टोटके ग्रामिण सडक स्तरोन्नति

थ) काप्राङ सल्लेडाँडा खानेपानी योजना

द) राकसखोला सिस्नुडोल डाँडीखेल सडक

ध) टौमाठ कालीदेवी मन्दिर नयाँसडक

**प्रदेश शसर्त अनुदान पशु/कृषि तर्फ**

क) बाख्रा पालन ब्लग/ पकेट

ख) माछा भुरा अनुदान

ग) तरकारी ब्लग

घ) अमिलो जातको फलफुल ब्लग/पकेट

**शसर्त पूल तथा झोलुङ्गे पूल तर्फ**

क) कुलेखानी एकान्तकुना सुलिकोट पूल - इन्द्रसरोवर-२ (डीपीआर भैसकेको)

ख) सिस्नेरी ठुलटार पूल इन्द्रसरोवर -३ (डीपीआर भैसकेको)

ग) सिमलाङ नर्सरी गैरीगाउँठाडोखोला झोलुङ्गे पूल —इन्द्रसरोवर-१ मार्खु

घ) कालपानी चुवाबन झोलुङ्गे पूल —इन्द्रसरोवर- १ र २ मार्खु,कुलेखानी

ङ) छुरिगाउँ खोरोङ टेकरदेउराली झोलुङ्गे पूल -इन्द्रसरोवर-३ र ४ सिस्नेरी,फाखेल

च) मार्खु सर्भाङ झोलुङ्गे पूल

छ) सुलिकोट-ज्यामिरे झोलुङ्गे पूल

**बस्ति बचाउ कार्यक्रम/योजना तर्फ**

क) सिस्नेरी डोढारे बस्ति बजार नदि नियन्त्रण

ख) वात्सलादेवी माबि क्षेत्र नदि नियन्त्रण

ग) कुलेखानी खानिखेत बस्ति तथा खेतवारी नदि नियन्त्रण

घ) शेरा वस्ती क्षेत्र खोला नियन्त्रण

**अब म यस गरिमामय सभामा नेपालको संविधान तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले निर्दिष्ट गरेका अधिकार क्षेत्र भित्र रही तोकिएको कार्य विभाजन, बैठक तथा सभा संचालन कार्यविधि लगायतका नीति नियम कानुन लगायातको परिधिभित्र रहेर इन्द्रसरोवर गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७८/०७९ को लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।**

१) **"प्रयोगमैत्री संरचना, शिक्षा, पर्यटन र कृषि,समतामूलक बिकास इन्द्रसरोवरको समृद्धि"** भन्ने इन्द्रसरोवर गाउँपालिकाको मूल नारालाई आत्मसात गर्दै अबको विकास कोरोना भाईरस(कोभिड-१९) संक्रमण वृद्धिसंगै थप मानवीय क्षति हुनसक्ने कुरालाई बिशेष आत्मकेन्द्रित गरेर बच्ने र बचाउने र सामना गर्ने विधि प्रक्रियाको अनुशरण गर्दै आत्मनिर्भरता, स्वरोजगार, स्वआर्जनमा केन्द्रित भई अनुसन्धान, सर्भेक्षण,मूल्यांकनबाट प्राप्त तथ्यांकको गहिरो अध्ययन र प्रमाणको आधारमा हुनेछ | दिगो विकासको लक्ष्य हासिल गर्न यस गाउँपालिकाको निर्माण अन्तिम चरणमा पुगेको आवाधिक योजना अन्तर्गत **"कृषि पर्यटन र पूर्वाधार:सभ्य समृद्ध इन्द्रसरोवर|"** दिर्घकालिन सोच सहित समतामूलक विकास योजनाको खाका निर्माण गर्नका लागि घरधुरी सर्भेक्षणबाट प्राप्त तथ्यांकको आधारमा आगामी ५ र २५ वर्षमा हासिल गर्ने सूचक सहितको लक्ष्य निर्धारण गरेर वृहत वस्तुगत विवरण अनुसार गाउँपालिकाको सवल र दुर्वल पक्ष,सम्भावना र चुनौतीको लेखाजोखा,पहिचान,विश्लेषण,क्षेत्रगत उद्देश्य र दिर्घकालिन लक्ष्य प्राप्तिको लागि आवश्यक कार्य बढाईने छ |

**सभा सदस्यहरु**

**आर्थिक बिकास तर्फः-**

२) गाउँपालिकाको विकास निर्माणको लागि स्रोत अभिवृद्धि गर्न मालपोत संकलनलाई न्यायपूर्ण एवं व्यवस्थित बनाइनुको साथै गुठीका मालपोत गाउँपालिकामै बुझाउन पाउने व्यवस्था मिलाउने प्रयास गरिने छ। भूमिहीन दलित भूमिहीन सुकुमबासी तथा अब्यबस्थित बसोवासलाई संघीय सरकारको नीति अनुरुप जग्गा व्यवस्थापन गर्ने नीति अबलम्बन गरिने छ | व्यवसाय दर्ता अभियान, कृषिमा आधुनिकीकरण र व्यवसायीकरण तथा लघु, घरेलु, साना, मझौला उद्यम,स्थानीयस्तरमा उत्पादन हुने फलफूल तथा तरकारी व्यवसायिक खेती प्रवर्द्धन गरिनुको साथै गाउँपालिकालाई तरकारीको जोन तथा पशुपालन पकेटको रुपमा बिकास गरिनेछ ।कृषकहरुलाई कृषि र पशुपालनका क्षेत्रमा व्यवसायीक बन्न प्रोत्साहन गरिनेछ ।गोठ,खोर तथा मलखाँद सुधार कार्यलाई प्राथमिकता दिई रसादीको उत्पादन गर्दै विषादी र रासायनिक मललाई क्रमशः न्यूनीकरण साथै जैविक विषादीलाई प्रवर्द्धन गर्दै लैजानेछन।व्यवसायिक रुपमा पशुपालन गर्ने कृषकहरुलाई निःशुल्क रुपमा पशुको लागि कृत्रिम गर्भाधान प्रक्रियालाई व्यवस्थित गर्दै निरन्तरता दिईने छ।

३) गाउँपालिका भित्र सञ्चालनमा रहेका सहकारीहरु मार्फत एकीकृत कार्यक्रम सञ्चालन गर्न गराउन जोड दिइनेछ ।ब्यबसायिक तथा स्वरोजगार हुन चाहने बिशेष गरी पशु पन्छी ब्यबसायी तथा किसानहरुलाई स्थानीय सहकारीहरुबाट लिएको ऋणमा ऋण लिँदा तोकिएको उद्देश्य अनुसारको ब्यबसाय गर्ने शर्त सहित गाउँपालिका बाट स्वीकृत कार्यविधि अनुसार अधिकतम रु,१० लाख र सानो तथा मझौला कृषि तथा पशु पन्छी ब्यबसाय गर्न चाहने किसानलाई न्युनतम २ लाख सम्म ऋणमा ७०% सम्म ब्याज सहुलियत अनुदान आवश्यकता

र औचित्यका आधारमा दिने नीतिलाई निरन्तरता दिईनेछ ।साथै स्वःलगानीमा कृषि तथा पशु ब्यबसायी गर्ने किसानलाई प्रोत्साहित गर्ने नीति अवलम्बन गरिने छ |

४) धार्मिक महत्व रहेका ऐतिहासिक, पुरातात्विक स्थानहरुको पहिचान गरी संरक्षण, संबर्धन र व्यवस्थापन कार्यमा जोड दिइनेछ । गाउँपालिकाको उपयुक्त स्थानमा तामाङहरुको सांस्कृतिक संग्रालय स्थापनार्थ अध्ययन तथा अनुसन्धान प्रक्रिया अगाडी बढाईने छ।इतिहासविद् वा पुरातत्वविद्को सहायतामा आफ्नो क्षेत्रमा रहेका ऐतिहासिक व्यक्ति र घटनासंग जोडिएका स्थल पहिचान गरी सो स्थानमा शिलालेख राखी ऐतिहासिक तथा पुरात्वत्वीक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने कार्यलाई अगाडी बढाईनेछ ।

५) गाउँपालिका भित्रका सीप सहितको वेरोजगार,सीप विहिन वेरोजगार,गरिव, दलित, जनजाति, पिछडिएका वर्ग, अपाङ्ग एवं अल्पसंख्यक जातजातिहरुको पहिचान र लगत संकलनलाई निरन्तरता दिईनेछ ।उपलब्ध स्रोत र साधनको प्रभावकारी ढंगले उपयोग गरी विकासको प्रतिफल सबै गाउँपालिकावासीलाई अनुभूत हुने गरी कार्यान्वयन पक्षमा जोड दिइनेछ | कृषि,उधोग,पर्यटन,उर्जा,सूचनाप्रविधि,भौतिकपूर्वाधार,वस्ती विकास,स्वरोजगार तथा स्वार्जनलाई आर्थिक समृध्दीको संवाहकको रुपमा पहिचान गरेका छौं| सार्वजनिक,निजि र सहकारी क्षेत्रको सहकार्यमा विकासका क्रियाकलापहरु परिलक्षित हुनेछन |कोरोना भाईरस कोभिड-१९ को महामारीका कारण गाउँपालिका भन्दा बाहिरका शहर र विदेशबाट गाउँमा आएर बसेका समुदायहरुलाई लक्षित गरेर रोजगारीका अवसरहरु सृजना गरी स्वार्जन तथा स्वरोजगार भई आर्थिक समृध्दी हुने कार्यक्रमलाई विशेष जोड दिईएने छ |यसको लागि प्रधानमन्त्री रोजगार कार्यक्रमलाई समेत बिशेष किसिमले कार्यन्वयनमा जोडिने छ |

६) कृषि उत्पादकत्वमा वृद्धि गरी कृषिमै आत्मनिर्भर हुनेगरी कृषिको उत्पादनमा दोब्बर बनाउने,उत्पादित कृषि सामाग्रीहरुको प्रशोधन र भण्डारण तथा बजारीकरणको सुनिश्चिता बनाउने लक्ष्यका साथ कृषिलाई आधुनिकरण र ब्यबसायीकरण गरिनेछ र अनुदान वितरण प्रक्रियामा संघ तथा प्रदेश सरकारसंगको नीतिलाई अनुसरण गरिनेछ | आन्तरिक स्रोत परिचालनमा वृद्धि गरिनेछ | यसका लागि विभिन्न आन्तरिक श्रोत क्षेत्रहरुको पहिचान गरी कार्यन्वयनमा ल्याइनेछ | सरकारी, निजी र संगठित क्षेत्रहरुबाट हुने सबै प्रकारको भुक्तानी बैंक खातामार्फत हुने व्यवस्था गरिनेछ|

७) बदलिएको परिस्थितिमा भएका राज्यपूनर्संरचना,संघिय लोकतान्त्रिक गणतन्त्र को बैज्ञानिक प्रयोग र गाउँपालिका भित्रका प्रमुख-प्रमुख क्षेत्रहरुमा इन्द्रसरोवर गाउँपालिकावासीको समान हैसियत,समान अधिकार तथा समतामूलक बिकासको लागि बिशेष गरी इन्द्रसरोवर तालको संरक्षण,प्रबर्धन,स्वामित्व,उपयोग तथा प्रयोग क-कसले कसरी गर्ने भन्ने बिषयमा स्थानीय र विज्ञहरु सहितको छलफलको निष्कर्षबाट छुट्टै संचालन कार्यविधि निर्माण गरी **"हाम्रो इन्द्रसरोवर ताल,हामी सबैको हो"**भन्ने कुराको थालनी गरिनेछ |र इन्द्रसरोवर तालको भविष्यलाई बिशेष मध्येनजर गर्दै इन्द्रसरोवर ताल बचाउ अभियान अन्तर्गत एउटा छुट्टै नीति तथा कोष स्थापनाको सुरुवात गरिने छ|

८) इन्द्रसरोवर तालमा माछा पालन कार्यक्रमलाई प्रर्वद्धन गरी माछा पकेट क्षेत्रकोरुपमा बिकास गर्न प्रदेश सरकारसंगको सहकार्यमा छुट्टै कार्यक्रम गरिनेछ,साथै यस क्षेत्रबाट प्राप्त हुने राजस्व संकलनलाई वैज्ञानिक ढंगले अघि बढाइनेछ।कोरोना भाईरस कोभिड-१९ को संक्रमणको कारण वाह्य पर्यटक न्यून हुने प्राय निश्चित छ

तैपनि अन्तरिक पर्यटकलाई सुब्यबस्थित गर्दै पर्यटकीय क्षेत्रमा संघीय तथा प्रदेश सरकारसंगको सहकार्यमा आवश्यक पूर्वाधारको निर्माण गरिने छ | स्वःलगानीमा साथै पर्यटकीय क्षेत्रमा स्थानीय कला संस्कृतिको संरक्षण,प्रवर्द्धन गर्दै साना लगानीमा पर्यटन ब्यबसायी गर्न चाहने ब्यबसायीहरुले स्थानीय सहकारीहरुबाट लिएको ऋणमा ऋण लिँदा तोकिएको उद्देश्य अनुसारको ब्यबसाय गर्ने शर्त सहित गाउँपालिकाबाट निर्माण गरेका कार्यविधि अनुसार अधिकतम रु,१० लाख र सानो तथा मझौला ब्यबसाय गर्न चाहने व्यवसायीलाई न्युनतम २ लाख सम्म ऋणमा ७०%ब्याज सहुलियत अनुदान आवश्यकता र औचित्यका आधारमा दिने नीति अवलम्बन गरिनेछ ।साथै पर्यटन ब्यबसायी गर्ने ब्यबसायीहरुलाई प्रोत्साहित गर्ने नीति समेत अवलम्बन गरिने छ |यस कार्यक्रममा दलित,आदिवासी जनजाति,महिला,अपाङ्ग तथा फरक क्षमता भएका वर्गहरुलाई पहिलो प्राथमिकता दिइने छ |

९) मुख्य कृषि उपज तथा पशुपंक्षी जन्य उत्पादनमा आत्मनिर्भर हुने नीति अवलम्बन गरिनेछ| निर्यात योग्य कृषि उपजहरुको खेतिलाई प्रोत्साहन गरिनेछ |आधुनिक प्रविधिको प्रयोग गरी साना,लिफ्ट तथा भूमिगत सिँचाई आयोजनाहरुको निर्माण तथा खानेपानी तथा सिंचाई व्यवस्थाको लागि लिफ्टिङ्ग तथा सिंचाईका नविनतम् उपायहरु खोजी गर्ने र अधुरा योजनाहरुलाई पुरा गर्ने कार्यहरुलाई जोड दिईनेछ । गाउँपालिका भित्रका कृषि योग्य जमिनमा सिंचाई सुविधा विस्तार गरिनेछ |बाँझो बारीहरु अधिकतम उपयोग गर्ने,करार खेति, सहकारी खेतिलाई प्रोत्साहन गर्दै प्रांगारिक खेतिमा सहयोग पुर्याउने बिशेष कार्यक्रम संचालनमा ल्याउँन सुरुवात गरिनेछ| गाउँपालिकाको कृषि शाखाबाट संचालन गरिने सम्पूर्ण कार्यक्रमहरु नियमानुसार कृषक समुह तथा कृषि सहकारी मार्फत संचालन गरिनेछ साथै व्यक्तिगत कृषि फर्महरुलाई पनि कार्यक्रमहरुमा सहभागी हुन प्रोत्साहित गरिनेछ |

१०) आन्तरिक पर्यटकलाई प्रबर्धन गर्ने नेपाल सरकारको नीति अनुसार पर्यटन पूर्वाधार निर्माण, प्रचार प्रसार र पर्यटक अनुकुल सेवा सुविधाको विस्तार गरिनेछ साथै इन्द्रसरोवर काललाई पर्यटक आवागमनको मुख्य आधारमानी यस क्षेत्रमा रहेका तनाव व्यबस्थापन स्थल/क्षेत्र,ठाडोखोला झरना,ह्वाङ् ह्वाङ् दुलो झरना,आजदेश्वर मन्दिर,जातिपोखरी डाँडा, "वीर"फाखेलमैत्री पार्क,चौकोटदेवी मन्दिर,वातावरणमैत्री चन्द्रगढी छापडाँडा पर्यावरण क्षेत्र,गुप्तेश्वारी गुफा,कालोथुमकीडाँडा,पोखरीडाँडा,नयाँगाउँ भ्युटावर,महाचुनीमन्दिर,लक्ष्मीनारायण,शक्तेश्वर महादेव मन्दिर,आउटलेट चौर लगायत विभिन्न धार्मिक,कृषि,पशु,जातीय भाषा,कला संस्कृतिहरु समेतको समग्र विकास र बिस्तारमा संघिय र प्रदेश सरकारसंगको सहकार्य तथा समन्वयमा प्रबर्धनमा विशेष जोड दिइनेछ|

**सभा सदस्यहरु,**

११) इन्द्रसरोवर गाउँपालिका वडा न.४ फाखेल सलेमले डाँडामा निर्माणधीन**"वीर"फाखेल मैत्री पार्क"** लाई २०३३ चैत्र १२ गते रातिको ऐतिहासिक नख्खु जेल सुरुङ ब्रेक पछि बदलिएको राजनैतिक उद्गम स्थलको रुपमा पहिचान तथा स्मरण गर्दै सो क्षेत्रको विकास र विस्तार गर्न संघीय सरकारसंगको आर्थिक सहकार्यमा बहुवर्षीय(तीन वर्ष भित्र)निर्माण कार्य सम्पन्न गर्न प्रतिवद्धता समेत भैसकेको सन्दर्भमा मापदण्ड अनुरुपको निर्माण कार्य समयमै सम्पन्न गर्न गराउन बिशेष जोड दीइनेछ| साथै राष्ट्र एकिकरणका नायक पृथ्वीनारायण शाह को इतिहाससंग जोडिएको वातावरणमैत्री चन्द्रगढी छापडाँडा पर्यावरण क्षेत्र,गुप्तेश्वारी गुफा तथा राजा विरेन्द्रका

आमाको नामबाट नामाकरण भएको इन्द्रसरोवर ताल क्षेत्रलाई समेत पर्यटकीय मुख्य गन्तव्यकोरुपमा प्रवर्द्धन गर्न प्रदेस तथा संघीय सरकारसंग बिशेष पहल एवं अनुरोध गरिने छ |

१२) गरिब बेरोजगार सूचीमा सूचिकृत श्रमिकहरु मध्ये यस गाउँपालिकाबाट सूचिकृत भएर पनि रोजगारको लागि नाम छनोटमा नपरेका सूचिकृत श्रमिकहरु मध्येबाट १०० दिनको लागि **"गाउँपालिका प्रमुख रोजगार कार्यक्रम"**मार्फत यस वर्षबाट कम्तिमा २५ जनालाई रोजगारी दिने सुरुवात गरिने छ | यस इन्द्रसरोवर गाउँपालिका क्षेत्र भित्र रहेका होडिङ बोर्ड,विज्ञापन सामाग्री,फुटपाथ पसल लगायतलाई करको दायरामा ल्याइनेछ |

१३) संघीय तथा प्रदेस सरकारको नीति अनुसार किसानहरुलाइ प्रोत्साहन स्वरूप साझेदारीमा पशु तथा वाली विमा कार्यक्रमलाइ सुरुवात गरिनेछ |गाउँपालिका क्षेत्र भित्र गरिने कृषि पेशालाई वैज्ञानिक ढंगबाट व्यवस्थापन गरी व्यवसायीक,उध्यमशिल बनाउनको लागि आवश्यक नीतिका साथै आवश्यक बजेट समेत विनियोजन गरिनेछ | भुमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतको सहकारी बजार विकास कार्यक्रमसंग गाउँपालिकाको सहकार्यलाई यस वर्ष पनि निरन्तरता दिइने छ|

१४) इन्द्रसरोवर गाउँपालिका भित्र वसोवास गर्ने महिला,दलित समुदाय,अपाङ्गता परिचयपत्र प्राप्त भएका व्यक्तिहरुले कुनै घरेलु ब्यबसाय संचालन गर्दा ब्यबसाय दर्ता शुल्कमा ७५% छुट तथा नवीकरण शुल्कमा ५०% छुट दिइनेछ |

**सभा सदस्यहरु,**

**सामाजिक बिकास तर्फः-**

१५) गाउँपालिका भित्र खानेपानी तथा सरसफाई सुविधाको पूर्ण उपलब्धता शिक्षा, स्वास्थ्य जस्ता दैनिक जीवनसँग सम्बन्धित विषयलाई उच्च प्राथमिकता दिइनेछ गैर सरकारी संस्थालाई नियमन गरी कार्यक्षेत्रको दोहोरोपना अन्त्य गरिनेछ ।युवा स्वरोजगार कार्यक्रम मार्फत युवा जनशक्तिलाई परिचालित गरिनेछ ।गाउँमा सबैको लागि शिक्षा अभियानलाई पुर्णता दिन विद्यार्थी भर्ना अभियान, विद्यालयको पूर्वाधार विकास/निर्माण, गुणस्तरीय शिक्षा अभियान जस्ता कार्यक्रमहरुमा विद्यालयलाई सहयोग गरिनेछ ।गाउँपालिका भित्रका माध्यमिक विद्यालय र आधारभूत विद्यालयहरुमा विद्यार्थी अनुसार दरबन्दीको लेखाजोखा गरी दरबन्दी मिलान गरिनेछ र समायोजन भएका विद्यालयहरुको हकमा आवश्यकता अनुसार बाल कक्षा सञ्चालन गरिनेछ|

१६) विद्यालयहरुमा प्रभावकारी अध्ययन अध्यापनको लागि प्रोत्साहन प्रणाली कार्यान्वयन गरिनेछ।शिक्षालाई आधुनिकीकरण गर्न आवश्यकता अनुसार शिक्षकहरुलाई तालिम, गोष्ठी तथा प्रशिक्षणको व्यवस्था गरी शिक्षक अभिभावक र विद्यार्थीको त्रिकोणात्मक शैक्षिक अभिमुखीकरण कार्यक्रम सञ्चालन निरन्तरता दिइनेछ।स्वास्थ्य क्षेत्रमा नागरिकको पहुँच सहज बनाउन एम्बुलेन्सको व्यवस्थापन, घुम्ती शिविर लगायत **"सबैका लागि स्वास्थ्य"** भन्ने नारालाई व्यवहारमा उतार्नका लागि वर्थीङ सेन्टर नभएको स्वास्थ्य संस्थाहरुमा वर्थीङ सेन्टर स्थापनार्थ आवश्यक सबै पूर्वतयारीहरु गरिने छ | गैरसरकारी संघ संस्थाहरुवाट सञ्चालन गरिने सबै प्रकारका सहयोग तथा सेवाहरुलाई गाउँपालिकाको एकद्वार प्रणाली मार्फत सञ्चालन गरी व्यवस्थित बनाइनेछ ।गाउँपालिको कार्यालयमा संघसंस्था समन्वय डेस्क सञ्चालन गरिनेछ ।

१७) सरकारी तथा गैरसरकारी क्षेत्रवाट सञ्चालन गरिने योजना तथा आयोजनाहरुको अनुगमन, मूल्याङ्कन पद्धतिलाई व्यवस्थित र बस्तुपरक गरिनेछ ।समुह मार्फत जनचेतनामा अभिबृद्धी, आर्थिक र सामाजिक संमृद्धी जस्ता कार्यक्रमहरु सञ्चालन गर्दा महिला तथा पछी परेका वर्गहरुलाई मुख्य स्थान दिई समुह मार्फत गरिनेछ । साथै गाउँपालिका भित्रका परम्परागत पुराना पोखरीहरुलाई संरक्षण गर्ने कार्यलाई जोड दिइनेछ ।युवाहरुको लागी आवश्यक खेलकुद पूर्वाधार तथा शैक्षिक एवं खेलकुद सामाग्रीहरु सहयोग र खेलकुद प्रवर्द्धनका विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१८) गाउँपालिका स्तरीय स्वास्थ्य नीतिलाई प्रभावकारीरुपमा कार्यन्वयनमा ल्याईनेछ| कोरोना भाइरस (कोभिड-१९) को महामारीलाई मध्येनजर गरी आइशोलेसन वार्डको क्षमता बिस्तार गरिने छ| साथै कोरोना आपतकालीन कोषमा बृध्दि गरिनेछ| यस कोषबाट राहत एवम् कोरोना भाइरस सम्बन्धि सबै गतिविधिहरु संचालन गरिने छ |अग्रपंतिमा रहेर स्वास्थ्य तथा सामाजिक गतिविधि, बिकास निर्माण लगायतका महत्वपूर्ण जिम्मेवारी वहन गर्ने गाउँपालिकाका कर्मचारीहरुलाई प्रोत्साहन र कोरोना भाईरस संक्रमण रोकथाम तथा न्युनिकरण गर्न बिशेष कार्यक्रम कार्यन्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ |

१९) इन्द्रसरोवर गाउँपालिकावासीको जीवन रक्षाको निम्ति कोरोना भाईरस (कोभिड-१९) सम्बन्धि प्रारम्भिक स्वास्थ्य परिक्षण आवश्यकतानुसार गरिने छ |साथै कोरोना भाइरस संक्रमित पुष्टि भएका व्यक्तिहरुको उपचार निशुल्क गर्न गराउन सहयोग गरिने छ |कोभिड-१९ कै कारण अति जोखिम एवं विपन्न परिवार तथा व्यक्तिहरुलाई तोकेको मापदण्ड बमोजिम आवश्यकता र औचित्यको आधारमा सम्बन्धित वडाको सिफारिसमा राहत वितरण कार्यलाई यथावत राखिने छ|

**सभा सदस्यहरु,**

२०) **"स्वच्छ,स्वस्थ र आर्थिक समृध्दीका लागि,बालमैत्री गाउँपालिका निर्माण हाम्रो अभियान, सबै क्षेत्रमा बालमैत्री संरचना,इन्द्रसरोवर गाउँपालिकाको पहिलो पहिचान"** भन्ने मूल नारालाई साकार पार्न बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि २०७४ लाई पूर्णरूपमा कार्यान्वय गर्दै आगामी २०७८ मङ्सिर भित्र निर्धारित ३९ वटा सूचकहरु पूरा गर्दै बिशेषगरि बालविबाह अन्त्यको लागि संकल्प समेलन तथा गाउँजागरण अभियान समेत संचालन गरेर इन्द्रसरोवर गाउँपालिकालाई नै बालमैत्री गाउँपालिका घोषणाको लागि आवश्यक सबै प्रक्रिया पुरा गरिनेछ|साथै गाउँपालिका र वडाहरुमा बाल लगानी कोष स्थापनाको सुरुवात गरिनेछ |

२१) **"उपाध्यक्षसंग पोषण कार्यक्रम"** पाँच वर्ष मुनिका बालबालिकाहरुको पोषण अवस्था सुधार गर्ने अन्तर्गत स्वस्थ आमा तथा बच्चा प्रतियोगिता र पोषणयुक्त खानेकुरा सहित सुत्केरी भेटघाट कार्यक्रम संचालन गरिने छ |कुपोषणलाई अन्त्य गर्न विशेष कार्यक्रम संचालन सहित गर्भवती महिलाहरुको भिडियो एक्सरे तथा स्वास्थ्य परिक्षण सिविरलाई अत्याधुनिक प्रविधि सहित प्रत्येक वडामा संचालनको साथै प्रजनन उमेरका महिलाहरुको लागि निःशुल्क पाठेघरको मुखको क्यान्सर परीक्षण तथा उपचार कार्य गर्न आवश्यक सहयोग गरिनेछ | साथै वडा न. ३ र ४ मा संचालित ल्याब,भिडियो एक्सरे तथा स्वास्थ्य जाँच कार्यक्रमलाई निरन्तरता दिईने छ |महिला तथा

बालबालिका शिक्षा,स्वास्थ्य,क्षमता बिकास, किशोरकिशोरी शिक्षा,सबैसंग सबै किसिमको हिँसा विरुद्धको सचेतना कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ अघि बढाईने छ |

२२) **"हाम्रो टोलको दिर्घ रोगि,उपचार गरौ खोजि-खोजि"** सामान्य भन्दा सामान्य उपचार समेत नपाएर घरमै वा समुदायमै मृत्युसंग जुझीरहेका,स्वास्थ्य संस्था सम्म पनि आउँन नसक्ने महिला,अपाङ्ग, असह्य उमेरले पाका,एकल महिला,परिवार तथा समाजबाट अपहेलित विशेषगरि दिर्घ रोगिहरु(Palliative Care)(६० वर्ष भन्दा माथिका)लाई वडा,टोल वा घर-घरमा गएर/बुझेर उपचार गर्न स्वास्थ्यकर्मिको व्यवस्थालाई निरन्तरता दिंदै यस सम्बन्धि पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान ललितपुरसंगको सहकार्य यथावत रहनेछ |

**सभा सदस्यहरु,**

२३) संघिय सरकारको राष्ट्रिय नीति अनुसार स्वास्थ्य विमा कार्यक्रमलाई प्रभावकारी तथा नतिजामुखी बनाउनको लागि इन्द्रसरोवर गाउँपालिकाले आर्थिक वर्ष २०७७/०७८ देखि **"जब पुग्छ साठी,स्वास्थ्य विमा कार्यक्रममा सहभागी"**भन्ने मूल नाराका साथ ६०-७० वर्ष सम्मका परिचयपत्र प्राप्त जेष्ठनागरिकहरुको स्वास्थ्य विमा सतप्रतिशत गरिदिने नीतिलाई निरन्तरता दिईनेछ | र उपचारमा सहजता,सर्वस्वीकार्य तथा सबै वर्गको पहुँचमा रहने गरी नेपाल सरकारबाट यस सम्बन्धि अनुमति प्राप्त अस्पतालसँग बिशेष पहल गरिनेछ |

२४) सुरक्षित गर्भपतन,मातृ तथा बाल मृत्युदर कम गर्नुका साथै गाउँपालिकालाई पूर्ण संथागत सुत्केरी गाउँपालिका घोषणा गर्ने तथा पूर्ण खोपको अवस्थालाई दिगो रुपमा कायम गरिनेछ | कोरोना भाईरस(कोभिड-१९)संक्रमणको उच्च जोखिमलाई बिशेष ध्यान दिँदै बिद्यालय स्तरमा स्वास्थ्य सेवाको पहुच पुर्याउन **"अध्यक्ष संग बिध्यार्थी"** स्वास्थ्य जाचँ कार्यक्रम तथा बिद्यालय स्वास्थ्य शिक्षा कार्यक्रमलाई अझै प्रभावकारी बनाइनेछ |

२५) महिला स्वास्थ्य स्वयम् सेविकाहरुको कार्यको उच्च मूल्यांकन गर्दै आफ्नो जिम्मेवारी प्रति थप क्रियाशील भैरहनका लागि उत्प्रेरित बनाउन बैठक खाजा भत्ता र प्रतिमहिना दिदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिईनेछ|

**सभा सदस्यहरु,**

२६) **"सबैको ध्यान,जेष्ठ नागरिकको सम्मान"** भन्ने मूल नाराका साथ संचालन गर्दै आएको ७० वर्ष माथिका जेष्ठ नागरिक स्वास्थ्य परिक्षण एवं न्यानो कपडा वितरण कार्यक्रमलाई निरन्तरता दिदै ६० वर्ष पुरा भएका दलित र एकल महिला तथा पूर्ण अपाङ्गता भएकाहरु सबैलाई यस कार्यक्रममा सहभागी गराईनेछ| जेष्ट नागरिकहरु आपसी भेटघाट, भलाकुसारी,छलफल इत्यादि गर्नका निमित्त प्रत्येक वडामा जेस्ठ नागरिक भेटघाट केन्द्र स्थापनालाई निरन्तरता दिईनेछ| शिक्षा र स्वास्थ्य सेवा प्रवाहमा प्रभावकारिता र गुणस्तरीयता कायम गर्न विशेष कार्यक्रमहरु संचालनमा ल्याईनेछ | गाउँ घर क्लिनिक तथा खोप केन्द्रलाई ब्यबस्थित गर्न हरेक वडाको गाउँवस्तीहरुमा आवश्यकता अनुसार खोप केन्द्र तथा स्वास्थ्य ईकाई केन्द्र निर्माण गरिनेछ साथै आवश्यकता अनुसार स्वास्थ्य चौकी निर्माण र मर्मत सम्भार गरी प्रयोगमैत्री बनाइनेछ | स्वास्थ्य शिबिर तथा स्वास्थ्य सम्बन्धि कार्यक्रमहरुलाई निरन्तर संचालन गरी हरेक उमेर समुहका जनसमुदाय सम्म स्वास्थ्य सेवाको पहुँच पुर्याइनेछ | प्रत्येक स्वास्थ्य चौकिहरुमा कार्यालय संचालनको लागि बजेटको व्यवस्था गरिने छ |नयाँ तथा पुराना स्वास्थ्य संस्थाहरुमा आवश्यक जनशक्ति सहित उपकरणहरुको समेत व्यवस्थापन गरिने छ |

२७) परम्परा, भाषा, संस्कृति रितिरिवाज र रहनसहन झल्काउने स्थानीय सांकृतिक सम्पदाहरुको संरक्षण र विकास गरिनेछ | आधारभूत शिक्षालाई अनिवार्य गरिनेछ तथा विद्यालय छाड्ने प्रवित्तिलाई निरुत्साहित गर्न प्रविधियुक्त शिक्षा सहितको विशेष कार्यक्रम ल्याईनेछ| मन्टेश्वरी सिकाईको लागि सहजकर्ताको तथा खाजा तयारी गर्न सहयोगीको व्यवस्थापन सहित दाता/अभिभावकहरुसंगको साझेदारीमा प्रारम्भिक बाल विकास केन्द्र देखि कक्षा ५ सम्मका बालबालिकाहरुलाई **दिवा खाजाको व्यवस्थापनलाई निरन्तरता दिइने छ |**

२८) स्थानीय आवश्यकता,ऐतिहासिकता तथा सम्भावनाहरुमा आधारित बिषयवस्तुहरु समेटिएर राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले तोकेको निर्धारित पाठ्यभार पूरा गर्न स्थानीय पाठ्यक्रम निर्माण भैसकेको सन्दर्भमा आगामी शैक्षिकसत्रबाट सुरुवात हुनेगरी स्थानीय पाठ्यपुस्तक निर्माण तथा बिकास गरी लागु गरिने छ |

२९) "गुणस्तरीय शिक्षा,आजको आवश्यकता,बालबालिकाको भबिस्य,इन्द्रसरोवरको उदेश्य" भन्ने मूल नारालाई साकार बनाउन गाउँपालिका अन्तरगतका विद्यालयका शिक्षक तथा प्रारम्भिक बाल विकास केन्द्रका सहजकर्ताहरुलाई आवश्यकता अनुसारको तालिम व्यवस्थापनलाई पनि निरन्तरता दिइनेछ |बालबालिकाहरुको शारीरिक,मानसिक,तथा बौद्धिक सम्बेगात्मक बिकासका लागि केहि विद्यालयहरुमा एक-एक वटा बाल उद्यान केन्द्र स्थापनाको लागि थप अध्ययन अनुशन्धान गरी कार्यान्वयनमा ल्याईनेछ|

३०) प्रत्येक विद्यालयलाई बालमैत्री बिद्यालयको रुपमा विकास गर्ने गरी विद्यालयसंरचना निर्माणमा जोड दिईनेछ तथा विद्यालय तह देखि जीवनउपयोगी सीप, ब्यबसायिक,ब्यबहारिक,नैतिक र प्राविधिक शिक्षालाई प्राथमिकता दिईनेछ |गाउँपालिकाबाट विगतका वर्षहरुमा प्रदान गर्दै आइरहेको बिद्यालय स्वयम् सेवक शिक्षक अनुदानलाई प्रत्येक विद्यालयको अनुगन,विश्लेषण तथा बिद्यार्थी शिक्षक संख्याको अनुपातमा आवश्यकताको आधारमा मूल्यांकन गरी पठनपाठन व्यवस्थापन गर्न"जहाँ बिद्यार्थी,त्यहाँ शिक्षक,गुणस्तरीय शिक्षा,हाम्रो पहिलो प्रात्थमिकता" भन्ने मूल नाराका साथ निरन्तरता दिएइने छ साथै विद्यालय कर्मचारीहरुको न्यूनतम तलब एकिन सहित बिद्यालय शिक्षकहरुको तलब मासिकरुपमा निकासा गरिने छ |

३१) गाउँपालिका अन्तर्गतका गरिब तथा जेहेन्दार विद्यार्थीहरुको पहिचान गरी उच्च शिक्षा एबं प्राविधिक शिक्षा(कृषि,पशु,सूचनाप्राविधिक,इन्जीनियरिङ,वन बिज्ञान,चिकित्सक शास्त्र,आयुर्वेधिक शास्त्र एवं ११ र १२ का विज्ञान शास्त्र) अध्ययनका लागि आवश्यक छात्रवृत्ति शैक्षिक सत्र भित्रै उपलब्ध गराइनेछ |गाउँपालिका भित्रको कुनै एक बिद्यालयलाई आवश्यक संरचना,व्यवस्थापन लगायत विविध विषयको आधारमा मूल्यांकन गरी नमुना विद्यालयकोरुपमा अघि सारिने नीति लिईनेछ|

३२) महिला सशक्तिकरणका लागि विशेष कार्यक्रम ल्याईनेछ | अपाङ्ग,बालबालिका, महिला, जेष्ठनागरिक, विपन्न, लोपोन्मुख,दलित तथा आदिवासी जनजाति र समाजबाट पछी परेका वा पारिएका वर्ग, समुदायको सामाजिक संरक्षण गरिनेछ|बलात्कार, यौनशोषण, मानब ओसारपसार र बेचबिखन तथा महिला बिरुद्ध हुने सबै प्रकारको हिंसाजन्य कार्यहरु न्यूनीकरण गरिनेछ |समाजमा रहेको बिकृति, विसंगति र सामाजिक कुरीतिलाई न्यूनीकरण गर्नका निमित्त विशेष ध्यान दिईनेछ |

३३) गाउँपालिकाको समग्र खेलकुदको विकास र विस्तारलाई जोड दिइनेछ | उक्त अभियानको लागि प्रत्येक वडामा खेलकुद सम्बन्धि भौतिक निर्माणका लागि संघीय र प्रदेश सरकारसंग समन्वय गरिनेछ | साथै गाउँपालिका

स्तरीय **"गाउँपालिका प्रमुख फूटबल रनिङशिल"** प्रतियोगितालाई निरन्तरता दिइनेछ र स्थानीय तह सहिद स्मृति मकवानपुर गोल्ड कप राष्ट्रिय फुटबल प्रतियोगिता कार्यक्रम संचालन समेतलाई निरन्तरता दिइने छ ।

**सभा सदस्यहरु,**

३४) गाउँपालिका स्तरीय अस्पताल निर्माणको लागि गाउँकार्यपालिकाको बैठक निर्णय बमोजिम नेपाल बिधुत प्राधिकरणको स्वामित्वमा रहेको कुलेखानी हेवी पुरानो फ्यामिली क्वाटर क्षेत्रमा निर्माण गर्न जग्गा प्राप्तिको लागि भएका पहलकदमीलाई तदारुकताका साथ अगाडी बढाई निर्माण कार्यलाई तीव्रता दिइने छ ।

३५) संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको शासन व्यवस्था सहित समाजवाद स्थापनाको परिकल्पना गर्दै विभिन्न आन्दोलन तथा जनचेतना,जनजागरण गर्दै राष्ट्रव्यापीरुपमा अघि बढ्ने क्रममा तत्कालिन व्यवस्थाले गिरफ्तार गरी विभिन्न जेलहरु हुँदै नख्खु जेलमा थुनिएका राजनेताहरु मध्येका एक श्री वीरबहादुर लामा २०३३ साल चैत्र १२ गते राति नख्खु जेलबाट सुरुङ खनि निस्केर चैत्र १३ गते मकवानपुर जिल्लाको हाल इन्द्रसरोवर गाउँपालिका वडा न.४ साबिक फाखेल गाउँपंचायत लगायतका अन्य विभिन्न स्थानीय क्षेत्रहरुमा तत्कालिन व्यवस्थाबाट राजनेताहरुको जीवन र उदेश्य रक्षा एवं संरक्षण गरेर आफ्नो जीवनको कुनैपनि पर्वाह नगरी महत्वपूर्ण भूमिका निर्वाह गर्नु भएकोमा नख्खु जेल बिद्रोहका वीर योद्धहरु मध्येका एक एवं बहुदल प्राप्त पछी तत्कालिन राजा विरेन्द्रले गोरखा दक्षिण वाहु-दोश्रोबाट विभूषित,मकवानपुर जिविस भूपू.सभापति एवम् प्रतिनिधि सभा सदस्य तथा अन्तरिम बिधायक दिवंगत स्व.श्री वीरबहादुर लामा,वहाँका धर्मपत्नी सेल्टरदाताहरु मध्येका स्व,श्री काईलीमाया लामा,बुबा स्व,मानबहादुर लामा बल,आमा स्व.मनकुमारी लामा स्व.श्री मानबहादुर लामा,पार्टी आमा स्व.श्री ठुलीमाया बल लाई **मरोणाप्रान्त सम्मान** तथा शिघ्र स्वास्थ्य लाभको कामना सहित सेल्टरदाताहरु मध्येका एक वयोवृद्ध श्री सानुकान्छा लामा ज्यु लाई **प्रशंसा पत्र सहित सम्मान** गरिने छ । साथै तत्कालिन राणाशासन कालमा भीमफेदी देखि काठमाण्डौसम्म गाडी बोकेर लैजानेहरु मध्येका यस गाउँपालिका भित्रको जिउँदो इतिहास इन्द्रसरोवर गाउँपालिका वडा न,१ स्थित मार्खु निवासी श्री मंगल र वडा न. ५ निवासी स्व.श्री हिरामान बलामीलाई **प्रशंसा पत्र सहित सम्मान** तथा **मरोणाप्रान्त सम्मान** यस आर्थिक वर्ष २०७८/०७९ को गाउँसभा समापन/अन्त्यको सभामा सम्मान गरिने छ ।यसै क्रममा गाउँपालिकाको चालु आर्थिक वर्षमा आफ्नो जिम्मेवारी कुशलतापूर्वक वहनगरी सर्व उत्कृष्ट कार्यसम्पादन गरे वापत प्रत्येक वडाका स्वास्थ्य संस्थाबाट २/२जना,कोभिड आइशोलेशनबाट १ र स्वास्थ्य शाखाबाट १ गरी जम्मा १२ जना स्वास्थ्यकर्मी, प्रत्येक वडाबाट १/१ वटा उत्कृष्ट कार्य सम्पादन गरेका उपभोक्ता समिति,सिकाई उपलब्धि र कार्यसमपादनमा उत्कृष्ट शिक्षक,बिद्यालय,अभिभावक,बिद्यार्थी र बिद्यालय व्यवस्थापन समितिहरुलाई प्रसंशा पत्र सहित आगामी गाउँसभामा सम्मान गरिने छ ।

३६) **"बालबालिकाहरुको उच्चतम बिकास तथा शैक्षिक गुणस्तरको आधार,सबै बालविकास केन्द्रहरुमा सुधार"** भन्ने ध्येयका साथ बालविकास केन्द्रका सहजकर्ताहरुले सशर्तरुपमा हाल प्राप्त गर्दै आईरहेका सेवा सुविधाहरुमा(शसर्त रुपमा संघबाट नथपिएमा)न्यूनतम तलब स्केल निर्धारण/वृद्धि गरिने छ।साथै बालबिकास केन्द्र संचालनलाई अझ प्रभावकारी र नतिजामुखी बनाउन विशेष योजना सहित आवश्यक सुधार गरिने छ ।

३७) विद्यार्थी संख्या न्यून भएका बिद्यालयहरुलाई तह घटाउने साथै आधारभूत तह १-५ लाई विद्यार्थी संख्या र आधारभूत तह ६-८ र माध्यामिक तहमा विषयगत आधारमा दरबन्दी मिलान गरिनेछ |साथै गाउँपालिकाको गौरवको योजना अनुरुप संचालित कृषि प्राविधिक शिक्षालय श्री कालिका माध्यमिक बिद्यालयमा ११ र नेपाल सरकारबाट स्वीकृत प्राप्त सिभिलइन्जिनियरीङ शिक्षालय श्री वत्सलादेवी माध्यमिक बिद्यालयमा साधारणधार ११ र श्री जनश्रम आधारभूत बिद्यालयमा कक्षा ५ संचालनको लागि अनुमति प्रदान गरिने छ एवम् बिद्यालयहरुमा भौतिक तथा शैक्षिक व्यवस्थापन लगायत अतिरिक्त क्रियाकलापहरुमा विशेष जोड दिइनेछ |

३८) बिद्यालयहरुको कार्य सम्पादन परिक्षण,बिद्यार्थी सिकाई उपलब्धि परिक्षण र अनुगन तथा सुपरिवेक्षणलाई प्रभावकारीरुपमा अगाडी बढाईनेछ | गाउँपालिका स्तरीय कक्षा ८ को परिक्षा अनुशासित र भयरहितरुपमा संचालनको लागि आवश्यक व्यवस्थापन गरिने छ |साथै उत्कृष्ट आधारभूत तहका(१-५)आधारभूत तह(६-८)माध्यमिक तह(९-१०) र माध्यमिक तह(११-१२) का शिक्षक(बिषयगत शिक्षक)हरुलाई र जीपीए पहिलो,दोस्रो,तेस्रो हुने विद्यार्थी,बिद्यालय,अभिभावकहरुलाई तथा बिब्यस समेतलाई पुरस्कृत तथा सम्मान यस वर्ष गाउँसभाको समापन/अन्त्यको सभामा गरिने छ र यो कार्यक्रमलाई आगामी वर्ष पनि निरन्तरता दिईनेछ |

३९) सरकारी तथा गैरसरकारी कार्यालयहरुसंगको सहकार्यमा विभिन्न सचेतनामुलक तथा अन्य बिकास निर्माणका कार्यहरु संचालन गरिनेछ| बिशेषगरि १८ वर्ष भन्दा कम उमेरका बालबालिकाहरु तथा अन्य उमेरकाहरुमा पनि जलन सम्बन्धि समस्या परेमा सरकारी तथा गैरसरकारी संस्थासंगको समन्वयमा शुष्मा कोइराला मेमोरियल र कीर्तिपुर अस्पतालसंग बालबालिकाको हकमा निशुल्क र अन्यको हकमा सहुलियतमा बेड तथा अपरेशन शुल्कको लागि सहकार्य गर्न बिशेष पहल तथा आपसी दुईपक्षीय सम्झौता गरिनेछ |

४०) कोरोना भाईरस(कोभिड-१९) संग लड्न सक्ने रोग प्रतिरोधात्मक क्षमतामा वृद्धि गराउन आयुर्वेधिक बिज्ञहरुसंग आवश्यक छलफल र सहकार्य गरी सचेतना कार्यक्रमहरु संचालन तथा कार्यन्वयन गरिने छ|साथै अंचल आयुर्वेधिक औषधालयसंग सहकार्य गरी स्थानीय आयुर्वेधिक औषधालय केन्द्र सन्चालन सुरुवातको अध्ययन गरिने छ |

**<u>सभा सदस्यहरु,</u>**

४१) संघिय तथा प्रदेश सरकारसंगको सहकार्य तथा समन्वयमा कोरोना भाईरस(कोभिड-१९) का कारण उत्पन्न असहज परिस्थितिबाट अति विपन्न नागरिगहरुको जीवनमा पर्न सक्ने असरलाई सम्बोधन गर्न र निःशुल्करुपमा आधारभूत स्वास्थ्य सेवालाई प्रभावकारी र सुधृत बनाउन स्वास्थ्य संस्थाहरुमा जनशक्ति,उपकरण तथा औषधि उपलब्धता सुनिश्चित गरिनेछ |

४२) स्थानीय सरकार संचालन ऐन अनुसार बिशेषगरि असाहय तथा बृद्ध नागरिकहरुको संरक्षणार्थ "असाहय नागरिक संरक्षण केन्द्र" स्थापनाको लागि आवश्यक गृहकार्य गरिनेछ |लक्षित वर्गहरुको गाउँपालिका स्तरीय संजाल निर्माणको लागि बिशेष जोड दिईने छ |

४३) शारीरिकरुपमा अशक्त अपाङ्ग नागरिकहरुको संरक्षण तथा कानुनता प्राप्त अधिकार सुनिश्चितताको लागि आवश्यक सबै प्रक्रिया पुरा गर्ने कार्यलाई कार्यन्वयनमा ल्याईनेछ साथै फरक क्षमता भएका बालबालिका तथा नागरिकहरुको उचित संरक्षणको लागि आवश्यक व्यबस्थाको सुरुवात गरिने छ | |

**सभा सदस्यहरु,**

**भौतिक पूर्वाधार बिकास तर्फः-**

४४) वातावरणमैत्री,दिगो र न्यायपूर्ण पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिइनेछ ।ग्रामिण क्षेत्रको सडक र विद्युतीकरणको माध्यमबाट जनजीबनलाई सहज बनाइनेछ ।ग्रामिण सडक कम्तिमा नालि बाहेक भूगोलको आधारमा कम्तिमा ४ देखि ६ मिटरको हुन पर्ने नीति को अवलम्वन गरिनेछ । ग्रामिण सडकको बिचबाट कम्तिमा ६ देखि साढे सात मिटर भित्र भौतिक संरचना निर्माण गर्न नपाइने नीति अवलम्बन गरिनेछ ।कम्तिमा एक वडामा एउटा ग्रामीण सडकलाई प्राथमिकतामा राखि ५ वर्ष भित्रमा पक्की नालि र ग्राभेल सहितको व्यवस्थित सडक निर्माण गरिनेछ। गाउँपालिकामा खानेपानी र सिंचाईको अभाव रहेको अवस्थालाई मध्यनजर गर्दै लिफ्टिङ(विधुत तथा सोलार)माध्यमवाट खानेपानी र सिंचाईलाइ प्राथमिकतामा राखिनेछ ।

४५) संघीय, प्रदेश र स्थानीय सरकार बीचको समन्वयन र सहकार्य साझेदारीमा ग्रामिण विधुतीकरणको लागि विशेष योजना अघि सारिनेछ | साथै गाउँपालिकाका केहि विशेष स्थानहरुमा सौर्य उर्जा कार्यक्रम मार्फत सोलार प्यानल र बत्ति जडान गरी प्रयोगमा ल्याईनेछ | गाउँपालिका भित्र रहेका ११ हजार भोल्टेजका बिशेष गरी कुलेखानी देखि फाखेल क्षेत्रको अव्यवस्थित रुपले रहेका विधुत पोल एवं तारहरुलाई यथाशिघ्र सुधार,व्यवस्थित तथा बिधुत प्रवाहमा गर्न गराउन नेपाल बिधुत प्राधिकरण पालुङलाई परिपत्र सहित बिशेष पहल गरिनेछ ।विधुतका काठे पोलहरुलाई विस्थापन गर्ने कार्यमा जोड दिईनेछ|गाउँपालिका भित्र विद्युतीकरण हुन बाँकी घरहरुमा बिधुतिकरणको लागि **"मिलिजुली सबैघरमा बिजुली"** भन्ने नाराका साथ बाँकी सबै घरहरुमा बिधुतिकरण गरिदिनको लागि नेपाल बिधुत प्राधिकरणलाई जोडदाररुपमा पहल गरिनेछ |साथै गरिब,जेहेन्दार,एकल महिला,अपाङ्ग तथा सीमाङ्ककृतहरुलाई पहिलो प्राथमिकतामा राखेर ग्रामिण बिधुतिकरणको लागि गाउँपालिकाबाट आवश्यक बजेटको व्यवस्था गरिने छ |

४६) गाउँपालिकाको आवश्कता अनुरुप यातायात गुरुयोजना तयार गरी सो अनुरुप मात्र पुर्वाधार निर्माण गरिनेछ ।सडक निर्माण तथा मर्मत सुधारका क्रममा सडक क्षेत्राधिकार कायम गर्ने, सडक विस्तार नीति तथा मापदण्डको प्रभावकारी ढंगले कार्यान्यन गरिनेछ ।यसको लागि गाउँपालिका स्तरीय सडक मर्मत कोषको स्थापना गरिनेछ ।सडकको क्षेत्राधिकारलाई प्रभावकारी कार्यान्वयन गरी अतिक्रमणलाई निरुत्साहित गर्दै सडक खुल्ला राख्ने कार्यमा निरन्तरता दिइनेछ |कुलेखानी फाखेल हुमाने फर्पिङ सडक खण्डको फाखेल क्षेत्रमा बिगतमा सडकको जग्गा लगत कट्टी/कित्ताकाट भएको भएतापनि भुलबस हाल सडक भएको जग्गाबाट नभएर भोकचलन भईरहेको स्थानबाट हुन गई भोकचलन र नापनक्सा नमिलेहुनाले नक्सा संशोधनका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरी जग्गा व्यवस्थापन गरिने छ |साथै कुलेखानी कलंकी मार्खु सडक खण्ड लगायतका अन्य सडक क्षेत्रमा पनि नियमअनुसार सडकको लगत कट्टा/ कित्ताकाट कार्यको लागि बिशेष जोड तथा पहल गरिने छ |

४७) घर तथा अन्य भौतिक संरचना निर्माण गर्दा भूकम्प प्रतिरोधात्मक प्रविधिको अवलम्बनमा ध्यान दिईनेछ ।सार्वजनिक शौचालय निर्माण गरी यसको व्यवस्थापन र संरक्षण गर्ने जिम्मेवारी समुदायमा हस्तान्तरण गरिनेछ

।गाउँपालिकामा बन्ने पक्की घर नक्सा पास गरी मापदण्ड अनुरुपको निर्माणमा जोड दिईनेछ | खर वा फुसबाट बनेका घरहरुको सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत टिनको छानामा परिणत गरिने छ |

४८) पालिका भित्रका सबै क्षेत्र समेट्ने चक्रपथ निर्माणको गुरुयोजना तयारी अध्ययन गरिने छ| साथै वाह्य आवागमनका सडक संजाल लिंक रोड विस्तारका लागि आवश्यक अध्ययन गरिनेछ|

४९) २० वर्ष अघि ट्र्याक जोडेको हेटौडा कुलेखानी फाखेल हुमाने फर्पीङ काठमाण्डौ सडकको कुलेखानी भीमफेदी खण्ड स्तरीकरण अघि बढी रहेको अवस्था छन् भने कुलेखानी फाखेल हुमाने खण्डको डीपीआर तयारी भएपनि स्वीकृत नभई सकेको अवस्थामा तयारी भएका डीपीआर स्वीकृत सहित बहुवर्षीय ठेक्का प्रक्रियाकको लागि र आवश्यक पुल(मितेरी पुल)समेत निर्मार्ण गर्न प्रदेश सरकार समक्ष आवश्यकता अनुसार बिशेष पहल तथा जोडदार माग गरिनेछ |

५०) ४२ वर्ष पहिले ट्र्याक जोडेको कुलेखानी मार्खु बज्रबाराही कुन्छाल त्रिभुवन राजपथ जोड्ने सडक अहिलेसम्म जस्ताका तस्तै रहेकोले आवश्यक स्तरोन्नति तथा कालोपत्रेको लागि संघ तथा प्रदेस सरकारसंग विशेष जोडदार माग सहित आवश्यक पहल गरिनेछ|

<u>सभा सदस्यहरु,</u>

५१) कुलेखानी सिस्नेरी काठमान्डौ सडक मदन भण्डारी मार्ग प्रदेश सरकारको नीति तथा कार्यक्रममा समेत सम्बोधन भईसकेको सन्दर्भमा डीपीआर बमोजिम कालोपत्रे सहित यथाशिघ्र छिटो कार्य सम्पन्न गर्न गराउनको लागि प्रदेस सरकारसंग विशेष माग सहित पहल गरिनेछ | साथै इन्द्रसरोवर गाउँपालिका वडा न,२ स्थित नागमार क्षेत्रमा रहेको ह्युमपाईप कल्भर्ट पुल विस्थापन गरी मोटोरेवल पुलको निर्माण गर्नको लागि संघ तथा प्रदेश सरकारसंग आवश्यक पहल गरिने छ |

५२) कुलेखानी फाखेल महालक्ष्मी दोभान चखेल मातातिर्थ काठमान्डौ सडक प्रदेश पूर्वाधार बिकास कार्यालयबाट काठमाण्डौ चन्द्रागिरी नगरपालिकाको शसस्त्र प्रहरी क्याम्प देखि मकवानपुर इन्द्रसरोवर गाउँपालिकाको वडा न.५ मकैवारी सम्म अक्सफल कंक्रिट सहितको बोलपत्रमा निर्माणकार्य भईरहेको र मकैवारी देखि फाखेल महालक्ष्मी दोभान सम्म १० मिटर चौडा सहित ग्रावेलवेस सम्मको ठेक्का स्वीकृत पछी निर्माण कार्य भईरहेकोमा यसलाई समयावधि भित्रै काम सम्पन्न गराउन र बाँकी भागमा पनि कालोपत्रेको लागि प्रदेश सरकार समक्ष विशेष माग सहित पहल गरिनेछ|

५३) इन्द्रसरोवर गाउँपालिका भित्र अति आवश्यक स्थानहरुको पहिचान गरी झोलुंगे पुलको गुरुयोजना तथा डी.पि.आर.तयार गरी जिल्ला समन्वय समिति मकवानपुरबाट सहयोग प्राप्त ३ वटा झोलुङ्गे पुल समेत प्रयोग गरी कार्यन्वयनमा ल्याईनेछ | र नपुग झोलुङ्गे पुल संघ र प्रदेश सरकारसंगको सहकार्यमा अघि बढाइनेछ |

५४) गाउँपालिका भित्र निर्माण हुने विशेष गरी सडकको दायाँबायाँ बनाईने नया भवनहरु अनिवार्यरुपमा गाउँपालिकाबाट नक्सा पास गराई मात्र निर्माण गर्ने नीति लागु गरिनेछ साथै पहिले निर्माण भईसकेका भवनहरुको हकमा प्रमाणीकरण गर्नु पर्ने व्यवस्था अनुरुप अधिकतम १ वर्षको समयावधि तोकिने छ |

५५) प्रदेश सरकारले प्रदेश गौरव योजनाको रुपमा कुलेखानी भीमफेदी पोष्ट बहादुर सुरुङ मार्ग निर्माण गर्ने महान योजना अघि सारेकोमा बागमती प्रदेश सरकार प्रति इन्द्रसरोवर गाउँपालिका हार्दिक धन्यवाद तथा आभार ब्यक्त

गर्दछौ| यसै सुरुङ मार्ग भएर भविष्यमा भीमफेदी, कैलाश गाउँपालिका र थाहा नगर पालिका लगायतका समुदायहरु दुर्तमार्ग(फाष्ट ट्र्याक)हुदै काठमाण्डौ आउनजान सहजताको लागि कुलेखानी-भीमफेदी सुरुङ मार्गको इन्द्रसरोवर गाउँपालिकाको वडा न.२ कुलेखानी तर्फबाट र वडा न. ३ सिस्नेरी हुदै कोगटे बागमती दोभानसम्म सजिलैसँग जोडिन सक्नेगरि लिङक रोड निर्माण गरी जनजीवन सहज बनाईदिनको लागि बागमती प्रदेश सरकारसंग हार्दिक अनुरोध गरिने छ ।

५६) चालु आर्थिक वर्षमा कार्यन्वयन गरी बाँकी भएका इन्द्रसरोवर गाउँपालिका भित्रका एक वडा देखि अर्को वडा र अर्को पालिका जोड्ने साथै वडा भित्रैका झोलुङ्गेपुल,पुल तथा कृषि पर्यटनले महत्व राखेका सडकहरुको डीपीआर निर्माणकार्यलाई निरन्तरता दिइनेछ| साथै गाउँपालिका भित्रका गाउँ,टोलवस्तीमा जाने ग्रामिण सडकहरुलाई पनि सकेसम्म वर्षभरि नै सुचारु राखिराख्ने अधिकतम प्रयास गरिने छ ।

५७) २०५६/०५७ साल तिरबाट नेपाल बिधुत प्राधिकरणले स्तरोन्नति गरी संचालनमा ल्याएको कुलेखानी भीमफेदी सडकबाट नेपाल बिधुत प्राधिकरणले आफ्नो सवारीसाधन वाहेक अन्य सर्वसाधारणलाई आवतजावतमा रोक लगाईएको थियो| तत्कालिन अवस्थामा यसै मकवानपुर क्षेत्र न.२ का माननीय संसद स्व.वीरबहादुर लामाको नेतृत्वमा चरणवद्ध विविध किसिमका आन्दोलनहरु तथा बिशेष पहलबाट सर्वसाधारणलाई समेत आवतजावत गर्न दिने सहमति भएअनुसार मकवानपुरका उत्तरीभेगका जनताले सदरमुकाम हेटौंडा आवतजावतमा सहजता प्राप्त गर्यो साथै हेटौंडा काठमाण्डौ आउनजान पनि छिटोछरितो भईरहेको थियो|यसै सन्दर्भमा अहिले बागमती प्रदेश सरकारबाट अझ यस सडकलाई थप स्तरोन्नति सहित कालोपत्रे समेत भईसकेको अवस्था हो|कुलेखानी फाखेल हुमाने फर्पिङ सडकको सुरुवात तत्कालिन प्रधानपञ्च द्वय श्री सानुकान्छा लामा र स्व.श्री मानबहादुर लामाको नेतृत्वमा फाखेल हुमानेबाट शुभारम्भ भई भूपू माननीय स्व.वीरबहादुर लामाको अगुवाइमा हेटौडा-काठमाण्डौ जोड्ने छोटो दुरीको सडकको रुपमा स्थापित भई यस भेकका साविक गाविसहरुमा सडक मार्ग निर्माणले एउटा सुनौलो इतिहास कायम गरिएको महशुस सबैले गरेकै बिषय हो| अति दूरदराजका गाउँवस्तीहरुमा सडक संजालले जोड्ने नेतृत्वसंगै समतामूलक राष्ट्/ समाज निर्माणमा उल्लेखनीय योगदानको उच्च कदर तथा सम्मान स्वरूप यस भीमफेदी,कुलेखानी,फाखेल हुमाने फर्पिङ सडकलाई "वीरबहादुर लामा मार्ग" नामकरण गरिदिनको लागि बागमती प्रदेश सरकारसंग हार्दिक अनुरोध गरिने छ ।

**सभा सदस्यहरु,**

**वातावरण तथा विपद व्यवस्थापन तर्फः-**

५८) प्राकृतिक विपद्ले निम्त्याएका जोखिमलाई न्यूनीकरण गर्दै विपद्लाई अबसरमा परिणत गरिने नीति लिईनेछ ।वातावरणीय व्यवस्थापन योजना बनाई कार्यान्यिवन गरिनेछ । बन क्षेत्र संरक्षणको लागि वृक्षारोण, संरक्षण , सम्बर्धन र व्यवस्थापनका लागि सामुदायिक,निजि,धार्मिक र कबुलियति बन उपभोक्ता समूहहरुलाई सक्रिय बनाउने कार्य सञ्चालन गरिनेछ ।ईन्धनको बन क्षेत्रमा पर्ने चाप कम गर्न बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रमलाई जोड दिईने छ।सडक निर्माण गर्दा दुबै तर्फ वृक्षारोपण साथै बहुउपयोगी घाँस खेतीका लागि प्रोत्साहित गर्ने नीति लिईनेछ । वातावरणमैत्री स्थानीय शासनको स्वीकृत सूचकहरु प्राप्तीका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५९) गाउँपालिका क्षेत्र भित्रका बिद्यालयहर , सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको साझेदारीमा वातावरण संरक्षणका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।जलबायू परिवर्तनबाट पर्न सक्ने प्रभाव न्यूनीकरण गर्न सरोकारवाला निकाय गै,स,स, तथा विकास साझेदारहरुसँग समन्वय र सहकार्य गरी स्थानिय जलवायू परिवर्तन अनुकूलन कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ ।

६०) स्वस्थ्य र सफा मासु आपुर्तीको लागी उपयुक्त स्थानको पहिचान गरी निजी वा सार्वजनिक वधशाला सञ्चालन कार्य प्रारम्भको लागि अध्ययन गरिनेछ ।गाउँपालिका भित्र नदी कटान, पहिरो नियन्त्रण गर्नका लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।गाउँपालिका भित्र संञ्चालन भएका खनिजजन्य उद्योगहरुलाई स्थानीय बस्ती, बन जंगल र सार्वजनिक स्थलहरुलाई असर नपर्ने गरी सञ्चालन गर्न निर्देशन गरिनेछ ।

६१) गाउँपालिका स्तरीय विपत तथा जलवायु उत्थानशील योजनालाई कार्यान्वयनमा ल्याउन बिशेष जोड दिईनेछ| राष्ट्रिय नीति अनुसार प्रदेश र संघीय सरकारसंग आवश्यक पहल तथा समन्वय गरी सम्पूर्ण गुठिका जग्गाहरु सम्बन्धि र छुट जग्गा दर्ता तथा पूनःनापी गरी सार्वजानिक,नीजी जग्गाको अभिलेखीकरण गर्ने व्यवस्था गरिने छ | भूमिको उत्पादकत्व वृद्धि गरी कृषियोग्य भूमिको खण्डिकरण र अनावश्यक अतिक्रमण रोकिनेछ साथै भू-क्षय न्यूनीकरणमा जोड दिईनेछ साथै विपद व्यवस्थापनको प्रवाभकारी ढंगले कार्यन्वयन गरिनेछ |

**सभा सदस्यहरु**

६२) **"आफ्नो ठाउँ,आफै सफा गरौ"** भन्ने नारालाई साकार पार्न इन्द्रसरोवर गाउँपालिका स्तरीय खानेपानी तथा सरसफाई रणनीतिक योजनालाई कार्यन्वयन गर्न विशेष जोड दिईनेछ | साथै निजि क्षेत्रसंगको साझेदारीमा गाउँपालिकाको बजार क्षेत्रबाट प्रतिघर न्युनतम शुल्क असुली दैनिक वा साप्ताहिकरुपमा फोहर संकलन गरी स्वच्छ र स्वस्थ जीवन निर्वाहका साथ सफा गाउँपालिका बनाउँन विशेष कार्यक्रम अघि बढाईने छ |

६३) दिगो बिकासको लक्ष्य प्राप्ति गर्न **"एकघर, एकधारा"** सहित सबै समुदायहरुलाई स्वच्छ खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराउने नीति अबलम्बन गरिने छ |मुहान संरक्षण तथा आवश्यकता अनुसारको लिफ्ट प्रविधि र ठुला खानेपानी आयोजना संचालन गरिने योजना बनाईने छ | खानेपानी मुहान दर्ता गर्ने कार्यलाई निरन्तरता दिदै खानेपानी मर्मतसम्भार कार्यलाई समेत उच्च प्राथमिकतामा राखिने छ |साथै लिफ्ट प्रविधिबाट खानेपानी उपभोग गर्ने उपभोक्ताहरुलाई विधुत महशुल भुक्तानीमा सहयोग गरिनेछ|

६४) होटल तथा बजारबाट निस्कने फोहोरमैलालाई सुरक्षित ढंगले व्यवस्थापन नगर्ने संचालक लाई कारवाहीको दायरामा ल्याईनेछ | नदि, खोला डिलमा र सार्वजनिक स्थलमा फोहोर बिसर्जन गर्नेहरुलाई दण्डित गरिने नीति लिईनेछ| वातावरण मन्त्रालयबाट स्वीकृत राष्ट्रिय मापदण्ड अनुरुप प्लास्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै प्लास्टिक झोला मुक्त स्थानीय तहको रुपमा यस गाउँपालिकालाई विकास गर्न औपचारिक पहल सहित आवश्यक कार्यनीति अवलम्बन गरिने छ, साथै बैकल्पिक व्यवस्थाको लागि गैरप्लास्टिक झोलाको प्रयोगमा जोड दिईनेछ| **"घरको फोहोर घरमै"** नीति लाई अवलम्बन गरिनेछ र फोहोर उठाउन आउँदा मात्र बाहिर निकाल्ने व्यबस्थाको सुरुवात गरिनेछ |

६५) सामुदायिक,कबुलियती,धार्मिक तथा निजि बनहरुको संरक्षण, प्रबर्द्धन तथा नियमनका कार्यक्रमहरु संचालन गरिनेछ साथै आवश्यकता अनुसार बृक्षारोपणलाई विशेष अभियानका साथ अगाडी बढाइनेछ र इन्द्रसरोवर सब-

बन डिभिजन कार्यालय सिम्लाङ संगको सहकार्यमा नर्सरी बिरुवा उत्पादनलाई बिशेष जोड दिईने छ| जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकुलनका कार्यक्रमहरु संचालन गरिनेछ| जैविक विविधताको संरक्षण गरिनेछ | स्थानीय वस्तु र सेवाको उत्पादन, गुणस्तर र प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि गरिनेछ |

**सभा सदस्यहरु,**

**संस्थागत विकास तथा सेवा प्रवाह :- सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र ...**

६६) नागरिक सहायता कक्ष साथै सेवाग्राही सेवा केन्द्र स्थापना गरी सञ्चालन गरिनेछ| संस्थागत विकास तथा सेवा प्रवाहमा सुधार गरिनेछ । यससंगै गाउँपालिका, वडाकार्यालय र स्वास्थ्यचौकीहरुमा नागरिक बडापत्र राख्ने कार्यलाई यथावत गरिनेछ ।ऐन नियम तथा कार्यविधि एवम् मापदण्ड तर्जुमा गरी कानुनी संरचना तयार गरिनेछ ।गाउँपालिकाको वेवसाईटलाई प्रभावकारी ढंगले सञ्चालन गरी सम्पुर्ण सूचनाहरु वेव मार्फत प्रसारित गरिनेछ ।गाउँपालिकाका गतिविधीहरु पारदर्शी तुल्याउन तथा स्थानिय नागरीकहरुलाई सहज तवरले जानकारी पुर्याउन सबैखालको सञ्चार माध्यमसँग समन्वय गरिनेछ ।गाउँपालिकामा सञ्चालित आयोजनाहरुको गुणस्तर अभिवृद्धि गरी बित्तिय जोखिमलाई न्यूनिकरण गर्न अनुगमन समिति गठन गरी उक्त समितिलाई सक्रिय तुल्याईने छ ।

६७) सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ताका प्रशासनिक सुधारका लागि आवश्यक अनलाईन प्रणालीको विकास तथा सञ्चालनलाई निरन्तरता गरिनेछ ।गाउँपालिका भित्र सञ्चालनमा रहेका व्यवसायीहरुलाई आफ्नो व्यवसाय प्रति उतरदायी बनाउन न्युनतम करको दायरामा ल्याईनेछ ।सञ्चालित विकास निर्माण लगायत सबै कार्यक्रमहरुको नियमित अनुगमन प्रगती समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण आदी कार्यक्रमहरुलाई बढावा दिइने छ ।गाउँपालिकाका वडा कार्यालयको संस्थागत सुदृढिकरणका कार्यहरु गरिनेछ ।कार्यालयलाई सेवाग्राही मैत्री बनाउन सुशासनका सुचाङकहरुलाई नागरिक वडापत्र ,सुझाव पेटिका, सूचना अधिकारी तोक्ने जस्ता कार्यहरुलाई कडाइका साथ लागु गरिनेछ।

६८) इन्द्रसरोवर गाउँकार्यपालिकाको कार्यालयमा नागरिकलाई सरल र सहज रुपमा सेवा प्रवाह गर्नका लागि सोधपुछ कक्षको स्थापना गरिनेछ ।गाउँपालिका भित्र रहेको संघ संस्थाले संस्थागत विकासका लागी नियमावाली अनुसार गाउँपालिकाबाट स्वीकृत योजना सञ्चालन गर्न प्रोत्साहित गरिनेछ ।कर्मचारी एवमं पदाधिकारीको क्षमता विकासका लागि आवश्यक समय सापेक्षित बनाउन तालिम, अध्ययन तथा अवलोकन भ्रमणको व्यवस्था मिलाईनेछ साथै कर्मचारीको मनोबल उच्च बनाई राख्न विगत देखि खाईपाई आएको स्थानिय भत्तालाई कार्य सम्पादनको आधारमा निरन्तरता दिइनेछ र उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीलाई बार्षिक बजेट, नीति तथा कार्यक्रम सार्वजनिक समारोहमा पुरस्कृत गरिनेछ ।कर्मचारीको व्यवस्थापनका लागी इन्द्रसरोवर गाउँपालिकाको कर्मचारी आचार संहिता तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

६९) प्रेश स्वतन्त्रताको सम्मान गर्दै सबै किसिमका सूचनाहरु सबै समक्ष प्रसारण,प्रशारित गर्न गराउनको लागि पत्रकारीता सीप प्रदान गर्न गाउँपालिका भित्रका यससंग सबन्धित इच्छुक यूवाहरुलाई आवश्यक प्रशिक्षण यससंग सम्बन्धित संघसंस्थाहरुसंग सहकार्य समन्वय गरी संचालन गरिनेछ|गाउँपालिकाको सम्पूर्ण गतिविधि(शिक्षा,स्वास्थ्य,कृषि,पर्यटन,जनप्रतिनिधि अन्तरवार्ता लगायत विविध) समेटिएको एउटा चौमासिक वुलेटिन पत्रिका समेत दक्ष सानो विज्ञ टिम/समूह बनाएर प्रकाशनको सुरुवात गरिनेछ |

७०) हाल सम्म यस गाउँपालिकामा निर्मित मौज्जुदा नियम कानुनहरुको आवश्यकता अनुसार परिमार्जन तथा संशोधन गरी सुशासन एवं कानुनको शासनको पूर्ण प्रत्याभूति दिलाई आमनागरिकहरुमा कानुनी राज्य र लोकतान्त्रिक सरकारको प्रत्यक्ष अनुभूति दिलाईनेछ ।

७१) भ्रस्टाचार जन्य क्रियाकलापलाई निरुत्साहित गरी भ्रस्टाचार गर्ने र गराउने सबैलाई दण्डित गरिनेछ|शान्ति सुरक्षाको अनुभूति दिलाउन सरकारमा पहुच नभएका विभिन्न तरिकाले अन्यायमा परेका महिला,दलित,अपांग भएका व्यक्तिहरु लगायत विभिन्न वर्ग,समुदायहरुलाई आवश्यकता अनुसार जनसम्पर्क एवं कानुनी सहजकर्ताको नियुक्तिलाई निरन्तरता दिन प्रदेश सरकारसंग आवश्यक पहल गरिनेछ| न्याय सम्पादनलाई चुस्तदुरुस्त कायम गर्न स्थानीय प्रशासनसंग आवश्यक सहकार्य गरी न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुले सम्पादन गर्ने काम कार्वाहीलाई प्रभाबकारी बनाउन आवश्यक नीति अवलम्बन गरिनेछ ।

<u>**सभा सदस्यहरु,**</u>

७२) स्थानीय सरकार संचालन ऐन, २०७४ ले निर्दिष्ट गरे अनुरुपको स्थानीय स्तरका मुद्दा तथा गुनासोहरुको सुनुवाई गरिनुका साथै न्यायिक समिति मार्फत प्रभाबकारीढंगबाट न्याय सम्पादन गरिनेछ ।न्यायिक समितिको व्यवस्थापन तथा क्षमता अभिमुखीकरण तालिम,न्यायिक समिति तथा मेलमिलाप केन्द्रहरुबाट सम्पादन हुने कामकारवाहीलाई प्रभावकारी ढंगले अगाडी बढाउन आवश्यक निती अवलम्वन गर्नेछ । महिला, बालबालिकातथा ज्येष्ठ नागरिक साथै हिसांमा परेका महिला र जोखिममा परेका बालबालिकाहरुको हक हितको संरक्षणको लागि सेफ हाउसको अनुसन्धान गरी निर्माण प्रक्रिया अगाडी बढाउने ।

७३) समाजमा देखिएका विवादहरुलाई न्युनिकरण गर्न मेलमिलाप कर्ताहरुलाई व्यवस्थित तरिकाले परिचालन गर्नको लागि मेलमिलाप कर्ताको व्यवस्थापनलाई निरन्तरता दिने छ । द्धन्द्ध प्रभावित घरपरिवारलाई सहायता गर्नको लागि निती नियम बनाई अगाडी बढाईने छ| जेहेन्दार, दलित, अल्पसंख्यक, आदिवासी जनजाती परिवार र बालबालिकाहरुको पहिचान गरी आधारभूत देखि माध्यमिक तह सम्मको पढाईको लागि छात्रावृत्तिको व्यवस्थापन गरिनेछ । एकल महिला, अनाथ बालबालिका तथा अपाङ्गता भएका बाल बालिका, द्धन्द्ध प्रभावित परिवार का बालबालिका तथा शहिद परिवारका बाल बालिकाहरुलाई समेत समेटेर शिक्षा तथा सिपको व्यवस्थापनलाई सुनिश्चित गरिने छ|

७४) कार्यालयसंग संबन्धित सूचना प्रवाहमा छिटोछरितो सम्पादन गरिनुको लागि इन्द्रसरोवर गाउँपालिकाको सबै वडा कार्यालय तथा स्वास्थ्यचौकि,माध्यामिक विद्यालयहरुमा नेट इन्टरनेटको व्यवस्थापन भैसकेको सन्दर्भमा अब आधारभूत बिद्यालयहरुमा पनि यसको बिस्तार गर्न थालनी गरिने छ ।

७५) इन्द्रसरोवर गाउँपालिकाले गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय,स्वास्थ्यचौकी तथा बिद्यालयहरुमा संचालनमा ल्याएको विधुतीय हाजिरी प्रविधिलाई सुब्यबस्थित गरी आगामी आर्थिक वर्षको सुरुदेखि कढाईका साथ लागु गरिनेछ ।साथै गाउँपालिकाको राजश्व संकलन प्रणालीलाई सफ्टवेयर मार्फत कार्यान्वयनमा ल्याईनेछ|

७६) सुरक्षित वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई यससंग सम्बन्धित आवश्यक सूचनाहरु प्रवाह तथा सहजीकरण गर्न गाउँपालिकामा एउटा सूचना केन्द्रको स्थापना गर्ने छ ।

७७) यस गाउँपालिका भित्रको लागि आवश्यक खाद्यान्न लगायत सम्पूर्ण दैनिक उपभोग्य वस्तु तथा निर्माणसामाग्रीहरु बागमती प्रदेश राजधानी हेटौंडाबाट ढुवानी गर्नु पर्ने र यसरी ढुवानी गर्ने मालवाहक सवारीसाधनहरु हेटौडा भैसे भीमफेदी हुदै कुलेखानी,मार्खु,फाखेल र सिस्नेरी आउजाउमा प्रायः सधै अवरोध भैरहने हुनाले हाल यस क्षेत्रको सडक फराकिलो सहित स्तरोन्नति समेत भैसकेको हुँदा आगामी दिनदेखि आवतजावतमा सहजताको लागि आवश्यक कानुनी प्रक्रियाको निम्ति बागमती प्रदेश सरकारसंग माग तथा पहल गरिने छ ।

७८) साविक चित्लाङ्ग गाविस हाल थाहा नगरपालिकामा श्रेस्ता/दर्ता कायम भएको तर राज्य पूनर्संरचना पछी इन्द्रसरोवर गाउँपालिका भएकोमा जग्गा सम्बन्धि मालपोत लगायत सबै दस्तुर थाहा नगरपालिकाको नियमानुसार बुझाउनुपर्ने यस गाउँपालिकाको अधिकांस जग्गा धनिहरुको वाध्यात्मक परिस्थितिलाई मध्येनजर गर्दै इन्द्रसरोवर गाउँपालिकाको भूगोल भित्रको जग्गा र जनताले गाउँपालिकाकै नीतिनियम भित्रको कर/दस्तुर बुझाउन पाउनुपर्ने व्यबस्थाको लागि यथाशिघ्र सम्बन्धित निकायमा पहल गरिने छ ।

७९) इन्द्रसरोवर गाउँपालिका वडा न.१ स्थित मार्खुको कम्पाउण्ड भित्रका र वडा न. २ कुलेखानी स्थित पुरानो फ्यामिली क्वाटर क्षेत्रमा रहेका भूकम्पले तहसनहस भईसकेका प्रयोगविहिन भवन तथा जग्गाजमिनहरुलाई नेपाल बिधुत प्राधिकरणको आफ्नै स्वामित्वमा रहने गरी निश्चित अवधि/कम्तिमा २५ वर्षको लागि गाउँपालिकालाई भोकचलनको निमित्त अनुरोध एवम् पहल गरिने छ ।

८०) इन्द्रसरोवर गाउँपालिका वडा नं.१ मार्खु स्थित श्री सरस्वति बालबोधिनी माध्यमिक विद्यालय भवन रहेको जग्गा आ.व.२०३४/०३५(कुलेखानी जलविधुत परियोजना संचालन सुरु देखि) साल देखि कुलेखानी जलविधुत विकास समितिद्वारा अधिग्रहण गरी सो को सट्टामा हाल विद्यालय रहेको स्थानमा करिव २ रोपनी जग्गामा ७ कोठे टहरो निर्माण गरी विद्यालयलाई हस्तान्तरण भएको हो भन्ने प्रमाण तत्कालिन नेपाल विधुत प्राधिकरण,कुलेखानी जल विधुत बिकास समिति,जिल्ला कार्यालय शिक्षा शाखा,गाउँपंचायत मार्खु,साविक मार्खु गाउँ बिकास समिति र विद्यालय बीच समय-समयमा भएगरेका पत्राचारको प्रतिलिपिहरुले स्पष्ट गर्दछ । भूकम्प पछी विद्यालयको भवन पुनर्निर्माण हुन नसक्दा बिद्यार्थीहरुको चौतर्फी बिकासमा वाधा पुगेकोछ|अतःविद्यालयसंगै जोडिएको नेपाल विधुत प्राधिकरणको मार्खु कुलेखानी अन्तर्गतको कम्युनिटी हल देखि उत्तर तर्फको करिव २५० मिटर लम्बाई र २०० मिटर चौडाई क्षेत्रफल जग्गा बिद्यालयलाई उपलब्धताको लागि बिशेष पहल गरिने छ ।

**सभा सदस्यहरु,**

**वित्तिय व्यवस्थापन तथा सुशासन ...**

८१) विकास निर्माणका कार्यलाई समावेशी, पारदर्शी, उत्तरदायी तथा जनसहभागितामूलक बनाइनेछ ।तत्कालिन गाउँ विकास समिति,जिल्ला बिकास समिति,जिल्ला शिक्षा लगायत जुनसुकै सरकारी वा गैरसरकारी कार्यालयबाट पेश्की रकम लिई हाल सम्म फस्यौट नभएको,फस्यौंट गर्न वेवास्ता गरेको र म्याद नाघेको पेश्की फछ्यौट कार्यमा प्रभावकारी पहल गरी पेश्की सुन्य गरिनेछ साथै पेश्की फस्यौट गर्न अटेर गर्ने व्यक्ती फर्म संघ संस्था तथा कार्यालयको नामावली कार्यालयको मूलद्धारमा फ्लेक्स व्यानर बनाई प्रचार प्रसार गरिनेछ ।साथै अन्य सेवा सुविधाबाट बञ्चित गराइनेछ ।

८२) सबैकिसिमको महत्वपुर्ण सन्देश र सूचनाहरु कार्यालयको वेवसाईट, फेसबुक पेज र स्थानीय एफ।एम। रेडियो मार्फत सबै गतिविधिहरु नागरिकहरुको जानकारीमा ल्याउने प्रयास गरिनेछ । यस गाउँपालिकाका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने सबै नागरिकको नाम गाउँपालिकाको वेव साईट र फेसबुक पेज मार्फत सार्वजनिक गरिनेछ। संघीय सरकारको निर्देशन अनुसार सामाजिक सुरक्षा भत्तालाई बैंकिङ प्रणाली मार्फत बितरणको व्यवस्थालाई निरन्तर दिइनेछ ।

८३) स्थानीय संचित कोष प्रणाली संचालनका लागि नेपाल सरकारले कार्यन्वयनमा ल्याएको सुत्रको पूर्ण परिपालना गरी लेखा व्यवस्थापन चुस्तदुरुस्त बनाईने छ |साथै कार्यालयका सबै प्रकृतिका सूचनाहरुको अभिलेखांकन उपयुक्त सफ्टवेयर को प्रयोग गरीने छ|

प्रस्तुत नीति तथा कार्यक्रम कार्यन्वयनको लागि संघिय तथा प्रदेस सरकारबाट प्राप्त वित्तीय समानीकरण, शसर्त, समपुरक तथा बिशेष अनुदान र इन्द्रसरोवर गाउँपालिकाको आन्तरिक स्रोतबाट सम्पन्न गरिने छ |

## अन्तमा

**"सुखी नेपाली,समृध्द नेपाल" भन्ने मूल भावनालाई** मनन गर्दै आर्थिक वर्ष २०७८/०७९को नीति तथा कार्यक्रम तयार पारिएको छ|यसको सशक्त कार्यन्वयनको लागि प्रवल इच्छा शक्ति,भ्रष्टाचार विरुध्दको कठोर कदम,बेरोजगारीको अन्त्य,उत्पादक शक्तिमा उच्चतम विकास,सबै किसिमको विभेदको अन्त्य,सकारात्मक सोचाईको विकास र समृद्धि हासिल गरी सबै गाउँपालिका वासीको शिर उच्च बनाएर समाजवादउन्मुख बाटो अङगाल्ने विश्वास लिएकोछु|

प्रस्तुत नीति तथा कार्यक्रम निर्माणमा सहयोग र सुझाब दिनु हुने गाउँकार्यपालिकाका सम्पूर्ण सदस्यहरु,विषयगत समितिका पदाधिकारी,निजि क्षेत्र, नागरिक समाज,गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, बिषयगत शाखाका संयोजक लगायत सबैलाई हार्दिक धन्यबाद ज्ञापन गर्दै यो नीति तथा कार्यक्रम स्वीकृत एवं कार्यान्वयनमा सबैको पूर्ण सहयोग रहने अपेक्षा गरेकोछु।

**धन्यवाद !!!! ~~~~अभिवादन !!!>>>>लासो !!!**

**जीवन लामा**
**अध्यक्ष**
**इन्द्रसरोवर गाउँपालिका**